सि.जि.प्र.द.नं. १७
जि.हु.द.नं. २८

# सन्देश जनप्रिय

Sandesh Janapriya Weekly साप्ताहिक

❖ वर्षः- २१ ❖ अङ्कः- २७ ❖ २०८० फाल्गुण २ गते बुधबार(14 Feb. 2024 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-

प्रो. राजन भुजेल ✆ ०४७-५२०८३६, ९८४४०१५८६७
Email:-rajanbhujel111@gmail.com
आर.एन. ट्रेर्डस एण्ड सप्लायर्स
कमलामाई न.पा.-६, पानीट्याङ्की, सिन्धुली
Pashupati Paints
यहाँ रड, सिमेन्ट जस्ता निर्माण सम्बन्धी सम्पूर्ण सामान, पाईप, PPR हाउस वायरिङ् सामानहरु पाइनुका साथै पशुपति पेन्टस् सुपथ मूल्यमा पाईन्छ।

# जनयुद्धमा जागिर गुमाएका पहाडीको लोभलाग्दो खेती

**सिन्धुली**/सिन्धुलीको फिक्कल गाउँपालिका वडा नं. ४ खाङसाङ निवासी ६२ वर्षिय किसानलाई अहिले भ्याइनभ्याई छ ।

मध्यपहाडी राजमार्ग छेउमा रहेको ५ रोपनी जग्गामा व्यवसायिक ड्रागन खेती सुरु गरेका इन्द्रप्रसाद पहाडी सरकारले तोकेको कामकाजी उमेरले हिसावले रिटायर्ड हुन् तर उनी बिहान आँगनमा घामको झिल्को आएसँगै त्यसको रेखदेखमा निस्कछन् र घाम अस्ताएसँगै घरमा आराम गर्न आइपुग्छन् ।

झण्डै डेढ सय मिटरको दुरीमा मध्यपहाडी लोकमार्ग र सुनकोशी नदी पर्छ । त्यही नदीबाट मोटरको प्रयोग गरेर सिंचाई गर्ने र त्यसमा सहायक बाली पनि उत्पादन गरिरहेका छन् ।

देशमा रोजगारी पाइएन भन्दै राजनैतिक दलका नेता र सरकारलाई धारे हात लगाउँदै दैनिक रुपमा फिक्कल गाउँपालिकमा ५ देखी ७ जना युवाहरु विदेशको खाडीमा पसिना चुहाइरहेका छन् । एयरपोर्टमा दैनिक २ हजारको हाराहारीमा नेपाली युवाहरु विदेशी श्रम बजारमा पुग्छन् तर सरकारले काम नगरी खाएर बस भनेका मानिसहरु भने आफ्नै गाउँमा व्यवसायिक उत्पादन तर्फ लागेर रमाइरहेका छन् ।

पहाडीको आर्थिक अबस्था भने कमजोर छैन, उनलाई काम नगरेर पनि उत्पादन भएको आधा अन्नपातले खान पुग्छ । केही बिक्री पनि गर्छन् । अहिले उनले ड्रागन खेतीको मुनी सहायक तरकारी वाली लगाएका छन् । केही दिन



अघि उनले ७ किलोसम्मको एउटै काउली फलाए । 'खाङसाङमा पनि यति ठूलो काउली फल्छ भन्ने लागेकै थिएन, छोराले रोपी हेरौंन भन्यो त्यसपछि विरुवा लगायौं, नभन्दै ठूल्ठूलो फल्यो' पहाडीले हिजो (मङ्गलवार) सन्देश जनप्रियसँग भने ।

सिन्धुलीको जुनार क्षेत्रमा सहायक नगदे वाली अर्न्तगत तरकारी उत्पादन गरेको थाहा पाएका पहाडीले अहिले झण्डै ३५ हजार रुपैयाँ बरावरको काउली उत्पादन गरेर बजारमा पठाएका छन् । प्रति किलो ७० रुपैयाँको दरले सिन्धुलीको बजारमा पठाउँदा राम्रै आम्दानी हुने रहेछ, उनले आफ्नो अनुभव यसरी सुनाए ।

उनी भन्छन्ः मेहनत गरेर तरकारी फलाउन सके त राम्रै मूल्य पाइने रहेछ ।

प्रत्येक साँझ परेपछि सुनकोशी सुशाएको आवाजले उनलाई स्वर्गीय आनन्द प्रदान गर्दछ । तर त्यही सुसाइरहेको सुनकोशी छेवैका पाखाहरु भने उजाड छन् । हरियाली छैन र सेतै पहिरो खसेको दृश्यले भने प्रत्येक झुल्के घाममा उनलाई निराश बनाउने गर्छ । तर हातमा कुटो बोकर उनी अगाडिको बारिमा निस्कन्छन् त्यसपछि भने उनेले निराशालाई भुल्ने गर्छन् ।

माओवादी जनयुद्धमा लागेकाहरुलाई आर्थिक तथा भौतिक सहयोग गरेका पहाडीले मास्टरी जागिर छोडे । पटक पटकको सरकारी सास्तीले जागिरनैं ●बाँकी २ पेजमा

# एमालेलाई पछ्याउँदै माओवादी

**काठमाडौं**/नेकपा (एमाले) लाई पछ्याउँदै सत्तारुढ माओवादी माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले प्रत्यक्ष निर्वाचनमार्फत सबै कमिटीहरु निर्माण गर्ने प्रस्ताव गरेका छन् । हिजोदेखि राजधानीको प्रज्ञा भवनमा सुरु भएको माओवादी केन्द्रको विधान अधिवेशनमा मस्यौदा विधानबारे सामान्य ब्रिफिङ र मस्यौदा प्रस्ताव पेस गर्दै प्रचण्डले प्रत्यक्ष निर्वाचनमार्फत नैं स्थानीय तहदेखि केन्द्रीय कमिटीसम्म चयन गर्ने विषय उठ्दै आएकाले यसबारे टुंगो लगाउने जिम्मा हललाई नैं जिम्मा दिएको बताए। तर, अहिलेको परिस्थितिमा प्रत्यक्ष निर्वाचित



कमिटी नैं हितकर हुनसक्ने आफूलाई पनि लागेको प्रचण्डको भनाइ थियो । यसो भन्दै गर्दा जनवादी अभ्यास पनि भुल्न नहुने उनको भनाइ थियो । 'केन्द्रीय समिति र विभिन्न स्तरको ●बाँकी २ पेजमा

# कोरियाली राजदूतले दिए बाच्छी उपहार
# पाँच महिना पछि मात्रै लैजान पाइने !

**सिन्धुली**/दक्षिण कोरियाली राजदूत पार्कटाइ योङले होलस्टिन गाईको ७ दिने बाच्छी कमलामाइ नगर पालिका ५ दमारकी उमा सुवेदीलाई हिजो एक औपचारिक कार्यक्रमका बीच हस्तान्तरण गरेका छन् । तर उक्त बाच्छी भने उनले पाँच महिना पछि लैजान पाउने छिन् ।

कोरियाली सरकारले कमलामाइ नगरपालिकाका लागि पठाएको ८० वटा गाईमध्ये गैयाँटारकी गुणकुमारी अधिकारीले पालन गरेको गाई ब्याएपछि सो बाच्छी समूहकी सदस्य सुवेदीलाई राजदूत योङले



हस्तान्तरण गरेका हुन् । व्यवसायिक गाई पालनका लागि १ सय ९ जना किसानहरु समूहमा आबद्ध छन् । सुवेदीले उपहारमा पाएको बाच्छी भने माउबाट छुटाएर लैजान पाँच महिनासम्म कुर्नुपर्ने बताइएको छ ।

पहिलो चरणमा ५१ जना किसानले गाई पाएकोमा तीबाट जन्मिने बाच्छीहरु क्रमशः किसानलाई हस्तान्तरण गर्दै जान साझेदार संस्था सिड्सका अध्यक्ष दिपक घिमिरेले बताए । राजदूत योङले नेपाल-दक्षिण कोरियाबीच सम्बन्धको ५० औं वर्ष गाँठको उपलक्ष्यमा गैयाँटार, दमार, राजपानी, ढकालगाउँलाई कोरिया-नेपाल मोडेल डेरी भिलेज नामाकारण गरिएको प्रतिमाको समेत अनावरण गरेका थिए ।

दक्षिण कोरिया सरकारले मिल्क वे परियोजना अर्न्तगत●बाँकी २ पेजमा

## झटारो — राजेश मानन्धर




# रूपान्तरण हुन नखोज्ने नेता र पर्खाइमा बसेका कार्यकर्ता

## गुलेली

□ बसन्त कार्की

सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रले सशस्त्र विद्रोह सुरु गरेको दिन अर्थात फागुन १ गतेकै दिन पारेर विधान अधिवेशन थालेको छ । त्यस अगाडि माओवादीले बिभिन्न बैठकहरु गरेर पार्टीभित्र बढिरहेको सांगठानिक अराजकता र नेतृत्वको देवत्वकरणलाई निस्तेज पार्ने कामलाई अगाडि बढाएको छ । केही दिन अगाडि स्थायी कमिटी बैठक राखेको माओवादीले केन्द्रीय कमिटी बैठकमार्फत पम्फा भुसाल नेतृत्वको बिधान राख्यो । यो बैठकले विधान महाधिवे शन्मा प्रस्तुत हुने विधानको मस्यौदादेखि पार्टीको भविष्य केन्द्रीत अरु एजेण्डाहरु माथि समेत छलफल गरेको छ। विशेषगरी माओवादीको चिन्ता गत वर्ष मंसिरमा सम्पन्न चुनावको नतिजालाई लिएर देखिन्छ । लगातार जनमत घटिरहेको माओवादीले गत वर्षको चुनावमा नयाँ राजनीतिक शक्तिका रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँग लगभग हाराहारीको मत ल्यायो । यद्यपि सरकारको नेतृत्व माओवादीले नैं गरिरहेको छ । तर ०७० र ०७४ सालको चुनावी नतिजा भन्दा ओरालो लागेको जनमत यतिकै सुधार नहुनेमा माओवादी नेतृत्वको स्वीकारोक्ति देखिन्छ। ०६४ सालको चुनावमा ३२ लाख पार्टी मत ल्याएर पहिलो शक्ति बनेको माओवादीले ०७० सालमा १६●बाँकी २ पेजमा

प्रेम इलोक्ट्रोनिक्स सेन्टर
प्रो. कपिल श्रेष्ठ ९८४४०४१३५२ ९८०२६०७७५१
कमलामाई न.पा.-६, सिन्धुली
Skyworth/Aura
SAMSUNG
यहाँ विभिन्न किसिमका मोवाइल, फ्रिज, LED TV, Iron, Rice cooker बुफर लगाएत इलोक्ट्रोनिक्स सामानहरु सुपथ मूल्यमा पाइन्छ ।

**रुपान्तरण.....**

लाख मतमा खुम्चिदै तेस्रो शक्ति बनेको थियो । ०७४ सालमा १३ लाख मत ल्याएको माओवादीले गत वर्ष साढे ११ लाख हाराहारी मत ल्यायो । त्यसैले माओवादी नेतृत्वले पार्टीमा पुनजार्गरण ल्याउन भनेर एक वर्षदेखि नै समुदायसँग जोडिने अभियान सञ्चालन गर्दै आएको छ । उक्त अभियानको समीक्षा समेत यो केन्द्रीय कमिटी बैठकमा भएको छ भने विधान महाधिवेशनमा थप छलफल हुनेछ । पार्टीमा रुपान्तरण आउँदा अब माओवादी केन्द्र आगामी चुनावबाट पहिलो शक्ति बन्ने नेताहरुले योजना समेत प्रस्तुत गरेका छन् तर त्यसका लागि नेतृत्वको भरोसायोग्य रुपान्तरण भने आउने देखिंदैन ।

तर चिन्ताले मात्रै माओवादीको घट्दो आकर्षण बढ्ने छैन । त्यसका निम्ति जनताले विश्वास गर्न सक्ने आधार प्रस्तुत गर्नुपर्नेछ । १० वर्षे सशस्त्र विद्रोहबाट शान्तिपूर्ण संसदीय राजनीतिमा आउँदा गरेका गल्तीहरु सच्याउने तत्परता देखाउँदा फेरि माओवादी प्रति जनताको आकर्षण देखिन सक्छ । त्यस्ता प्रतिवद्धताहरु माओवादीले जनयुद्धका बेला देखी निरन्तर गरिरहेको छ । पटक पटकका बिस्तारित बैठक देखी प्रतिवेदनमा समेटिएका पनि छन् तर कार्यान्वयन पक्ष भन्दा सत्ता स्वार्थ बलियो बनेका प्रतिबद्धताले नागरिकमा विश्वास जाग्न सकिरहेको छ । त्यसका निम्ति माओवादीको आधारभूत शैलीमा सुधार आउनु पर्नेछ । सत्ताको नेतृत्व गरेपछिको एक वर्षे कार्यकालमा उनले गरेको उद्घोषका बिपरित भएका गतिविधीले अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकै खिल्ली उडाइरहेको छ ।

आफ्नो प्रतिवद्धता विपरित हेलिकोप्टर चढेर सम्दिनीको घरमा पुगेका देखी शिलान्यास र उद्घाटनसम्ममा प्रधानमन्त्री प्रचण्डको निरन्तरको प्राथमिकताले जनमानसमा माओवादीको आलोचना बढाइरहेको छ । साढे तीन दशकदेखि नेतृत्वमा रहेका अध्यक्ष प्रचण्डले बारम्वार गर्ने प्रतिबद्धताबाट मात्रै पार्टी भित्र र बाहिर आम नागरिकमा विश्वास जाग्दैन । त्यसका निम्ति ठोस् निर्णय लिन र त्यो रुपान्तर आफैंबाट थालनी गरेर देखाउन जरुरी छ । ललितानिवास, सुन प्रकरण, बाँसवारी छालाजुत्ता प्रकरणमा आफ्नै गृहमन्त्रीकै सार्वजनिक रुपमा कत्लेआम गराएर पार्टीको शाख गिराउने तर त्यो ठोस् निर्णय गरेर अगाडि बढ्ने नसक्ने प्रचण्ड शैली आगामी दिनमा कस्तो हुनेछ त्यो भने हेर्न बाँकीनैं छ ।

अस्थिर र स्वार्थका लागि जस्तो सुकै निर्णय गर्न नहिच्किचाउने उनको पहिचानमा माओवादी केन्द्रको जारी विधान अधिवेशनले ब्रेक लगाउन सक्यो भने मात्रै प्रस्ताबित बिधान मस्यौदाले माओवादी केन्द्रमा नयाँ प्राण भर्न सक्नेछ ।

**कोरियाली......**

कमलामाई नगरपालिकालाई उन्नत जातका ८० वटा हो लस्टिन गाई उपहार दिएको थियो । त्यस मध्ये आधा दर्जन गाईभने लम्फी स्किन रोगबाट मरेका थिए ।

होलस्टिन गाईबाट दुधमा कमलामाइ नगरपालिका आत्मनिर्भर मात्र नभएर निर्यात गर्न सक्ने हुने आफूले विश्वास लिएको राजदूत योङ्ले बताए । नेपाल अहिले भएका गाई ब्याएपछि थारो नहुन्जेल दुइहजार ८ सय लिटर दुध दिने तर होलस्टिनले १० हजार लिटर दिने भएकाले नश्ल सुधारमा जोड दिनुपर्ने खाँचो योङ्ले औंल्याएका थिए ।

स्मरणीय छ कोरियाली मिल्क वे परियोजना तत्कालिन नगरप्रमुख खड्गवहादुर खत्रीको कार्यकालबाट कमलामाई नगरपालिकामा प्रारंभ भएको थियो ।

**एमालेलाई......**

समितिको निर्वाचन कसरी गर्ने र कस्तो अपनाउने भन्नेमा बहस चलेको छ', प्रचण्डले अधिवेशनलाई सम्बोधन गर्दै भने, 'अनुभवले के देखायो भने सबैस्तरको पार्टी कमिटीमा प्रत्यक्ष निर्वाचन प्रणाली मार्फतनैं गर्नुपर्छ । स्थानीय, प्रदेश र केन्द्रीय तहको पनि प्रत्यक्ष गर्नुपर्ने हुन्छ ।' साथसाथै समावेशी प्रतिनिधित्व भने न्यायोचित हुने गरी गर्नुपर्ने उनको भनाइ छ । यस्तै केन्द्रीय समिति निर्वाचित गरिसकेपछि पनि केही निश्चित प्रतिशत कोटा राख्ने कुरा आजै बसेको पदाधिकारी बैठकमा पनि भएको र सोअनुसार १० प्रतिशत सहवरणको प्रावधान राख्ने उनको प्रस्ताव थियो । यसबारे अन्तिम टुंगो लगाउने जिम्मा भने विधान अधिवेशन हललाई नै दिएको बताए । यस्तै केन्द्रीय समितिले पदाधिकारी चुन्ने पनि उनले प्रस्ताव गरे ।

प्रचण्डले जनवादी केन्द्रीयता कम्युनिस्ट पार्टीको संगठतात्मक सिद्धान्त भएको भन्दै जनवादी केन्द्रीयताको ब्याख्यामा अझ बढी स्पष्ट हुन जरुरी रहेको बताए । 'यो ठुलो विषय छ । विचार र संस्कारसँग पनि सम्बन्धित कुरा हो', उनको भनाइ थियो ।

**जनयुद्धमा.....**

छोडेर समाज परिवर्तनका लागि हिंडेका उनीजस्ता सैयौं शिक्षकले जनयुद्धको समाप्तीसँगै छोडेको मास्टरी जागिर पनि जोडियो तर उनले आफ्नो जागिर जोड्न कुनै नेताकोमा गएर ज्यूहजुरी गरेनन् । पहाडीलाई त्यसबेला जनसरकार प्रमुखसमेत बनाएको थियो । त्यही भएर पनि उनी अहिले कृषि कर्ममा जम्न थालेका छन् । समाज परिवर्तनको सपना बाँडेर जनतालाई बन्दुक बोकाउनेहरु अहिले बिग्रएका र उनीहरुले गरिव तथा असहाय हरुलाई कहिल्यै भलो गर्न नसक्ने पहाडीको बुझाई छ । जनयुद्धको २८ औं वर्षगाँठ मनाइरहेको माओवादी नेतृत्वप्रति कटाक्षगर्दै पहाडीले भनेः 'जनयुद्धका नाममा सर्वसाधारणलाई सत्ता प्राप्तीको माध्यम मात्रै बनाएका रहेछन्, त्यस्ता नेताहरुबाट अब नेपाली सर्वहारा जनताको मुक्ति संभव छैन ।'

# मरिण गाउँपालिकाका जनप्रतिनिधीहरुलाई क्षमता विकास तालिम दिइयो



**सिन्धुली**/सिन्धुलीको मरिण गाउँ पालिकाका जनप्रतिनिधीहरुलाई एक दिने क्षमता विकास तालिम दिइएको छ । उज्यालो नेपाल सिन्धुलीको आयोजना तथा वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा एक दिने क्षमता विकास तालिम दिइएको हो ।

मरिण गाउँपालिका अध्यक्ष विमर्श मोक्तान प्रख्यातको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पालिकाका ७ वटै वडाका वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु एवम् दलित, महिला तथा वडासदस्यहरुलाई कार्यसम्पादन गर्न सहज होस् भन्ने उदेश्यले एक दिने क्षमता विकास तालिम सञ्चालन गरिएको उज्यालो नेपाल सिन्धुलीका अध्यक्ष धुर्वकुमार बस्नेतले बताए ।

कार्यक्रममा प्रमुख अतिथिका रुपमा बोल्दै अध्यक्ष मोक्तानले पालिकाका जनप्रतिनिधीहरुको क्षमता विकास गर्नका लागि, उनीहरुलाई कानूनी कुराहरु वारे जानकारी गराउने वा कानूनी जटिलता वारे सिकाउने यस्ता कार्यक्रमहरु सुरुवाती वर्षहरुमैं गर्न पाएको भए यसले कार्यसम्पादन गर्ने क्रममा धैरै सहजता ल्याउने थियो भन्दै कार्यक्रमको प्रशंसा गरेका थिए । उनले हाम्रो संविधानले स्थानीय तहलाई दिएको अधिकार र जनप्रतिनिधीको क्षमताका कारणले टकराब उत्पन्न भइरहेको बताउँदै अध्यक्ष मोक्तानले पाएजति अधिकार प्रयोग गर्न नसकेको बताए । उनले भनेः कानूनले दिए जति अधिकार मरिण गाउँपालिकाले प्रयोग गर्न पाउने हो भने मरिण सम्मृद्ध हुन समय लाग्ने छैन ।

गाउँ गाउँमा सिंहदरवारसँगै जनताको अधिकारहरु आएको विषयलाई केही मानिसहरुले गलत व्याख्यागर्दै सिंहको हुल आएको जस्ता गलत टिप्पणी भइरहेको अध्यक्ष मोक्तानको भनाई छ ।

निर्वार्चित भएर आएदेखी जनप्रतिनिधीले क्षमता अभिवृद्धि सम्बन्धी कुनै पनि तालिम नलिएको बताउँदै अध्यक्ष मोक्तानले भनेका छन्ः क्षमता नभएकै कारणले हामीले कानूनले दिएको अधिकारलाई कार्यावयन गर्न नसकेको बताए ।

गाउपालिका उपाध्यक्ष बिमला माझीले वडा कार्यालय पालिका तहबाट कार्यसम्पादन हुने कामहरुमा आइपर्ने कानूनी जटिलतालाई एक दिने क्षमता विकास कार्यक्रमले सहयोग पुऱ्याउने कुरा बताइन् । उनले जनप्रतिनिधीले आफुले पाएका अधिकारहरु पनि थाहा पाउन नसकेको र पाएकाले पनि त्यसलाई व्यवहारमा प्रयोग गर्न नसकेको बताएकी थिइन् ।

दुई जना प्रशिक्षकहरुले जनप्रतिनिधीहरुमाथि आइपरेका कानूनी अस्पष्टताहरु, स्थानीय स्वायत्तशासन ऐन तथा नेपालको संविधानले निर्दिष्ट गरेका विषयहरुमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा सहभागीहरुले आफुहरुलाई यस्ता कार्यक्रमले शिफारिश, सर्जमिन लगायतमा महत्वपूर्ण सहयोग पुग्ने बताएका थिए । कार्यक्रममा मरिण गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत र पत्रकारहरुको सहभागिता रहेको थियो ।


## सार्वजानिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्यु, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

**मरिण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिन्धुली, बागमती प्रदेश**


# मरिणमा शहिद परिवार सम्मानित



**सिन्धुली**/२९ औं जनयुद्ध दिवसको अवसरमा मरिण गाउँपालिकाले सहिद परिवार सम्मान एवं नगद हस्तान्तरण र छात्रवृत्ति वितरण गरेको छ । मरिण गाउँपालिका अध्यक्ष विमर्श मोक्तान (प्रख्यात)को अध्यक्षता तथा बागमती प्रदेश सांसद मातृका भट्टराई (बसन्त) को प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सो गाउँपालिकाका ३९ जना सहिद परिवारलाई नगद हस्तान्तरण र ७१ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका सांसद भट्टराईले देश र जनताको हित र अधिकारका लागि जनयुद्धमा जिवन त्याग गर्ने सहिद प्रति १ दिन मात्रै नभई हरेक दिन सम्मान गर्दै सहिदहरुले देखाएको बाटोमा अघि बढिरहेको बताउनुभयो । संघीय गणतन्त्र प्राप्तिको लागि सहिदको महत्वपूर्ण भूमिका भएको हुँदा शहिदहरुको योगदानको कदरको लागि मरिण गाउँपालिकाले प्रत्येक वर्ष कार्यक्रम गर्दै आइरहेको छ । सो अवसरमा ३९ जना सहिद परिवार लाई सम्मान गर्नुका साथै प्रतिव्यक्ति २० नगद हस्तान्तरण गरिएको हो । अध्यक्ष मुक्तानको कार्यकालभर सहिद परिवारलाई एक लाख रकम पुर्याउँने लक्ष्य राखिएको छ । मरिण गाउँपालिका स्थायी ठेगाना भई विभिन्न विद्यालयमा अध्ययन गर्ने अनाथ तथा द्धन्द्ध पीडित परिवारका बालबालिकालाई अध्ययनमा निरन्तरताको लागि छात्रवृत्ति वितरण गरिएको मरिण गाउँपालिकाका अध्यक्ष मोक्तानले जानकारी दिनुभयो ।

पूर्व प्रा. वि देखि कक्षा १२ सम्मका ७१ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको हो । पूर्व प्रा. वि देखि कक्षा ३ सम्मका २४ जना विद्यार्थीलाई प्रतिव्यक्ति पाँच हजार रुपैयाँ, कक्षा ४ देखि ५ का १० जना विद्यार्थीलाई प्रतिव्यक्ति ६ हजार रुपैयाँ वितरण अध्यक्ष मोक्तानले बताउनु भयो ।

यस्तै ६ देखि ८ सम्मका २१ जना विद्यार्थीलाई प्रतिव्यक्ति ८ हजार, ९ देखि १० कक्षा सम्मका १२ जना विद्यार्थीलाई प्रतिव्यक्ति ९ हजार र ११ देखि १२ सम्मका ४ जना विद्यार्थीलाई प्रतिव्यक्ति ११ हजार रुपैयाँ हस्तान्तरण गरिएको छ ।

# माओवादीको विधान अधिवेशन, जनयुद्ध र सत्ताभोगी नेतृत्व

**प्रेम दाहाल**

हाम्रो संविधानमा महिला, दलित, जनजाति, मुस्लिम लगायत उत्पीडित वर्ग तथा समुदायका हक-अधिकार समेटिएका छन् । ज्येष्ठ नागरिक, बालबालिकाको हकसँगै खाद्य, शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, भाषा-संस्कृति आदि हक समेटेर समाजवादतर्फ जोड दिइएको छ । राज्यका हरेक निकायमा सबै समुदायको प्रतिनिधित्व गराउन समानुपातिक समावेशीको व्यवस्था भएको तर त्यसैलाई ठूलो उपलब्धी मानेर उफ्रने बाहेक सत्तामा बस्ने हरुले नयाँ काम भने केही पनि गर्न सकेनन् ।

संविधान बनेपछि पनि माओवादी प्रति आमजनतामा प्रश्नै प्रश्न उठेका थिए माओवादीले उठाएका मुद्दा संविधानमा लिपिबद्ध त भए, लागू किन भएनन् ? नेपाली जनताले गणतन्त्रका नाममा के पाए ? जनताका यी प्रश्नको उत्तर नत बिद्रोहको नेतृत्व गर्ने माओवादीले दिन सक्यो नत माओवादीसँगै लतारिएर आएका दलहरुले जनतालाई विश्वस्त पार्न सके । सत्तामा पुगेर सबै कुरा पुरा गर्ने बाचा गरेकाहरु एक आपसमैं मिल्न नसकेर बिभाजित बने ।

नेताहरु एकै ठाउँमा मिलेर जनतको काम गर्ने अवसर माओवादी नेतृत्वमा कहिल्यै पाएन । अहिले पनि माओवादीलाई अवसर थियो तर त्यो अबसर नेतृत्वमा बस्नेहरुले गुमाइरहेका छन् । यो सरकारले संविधानमा उल्लिखित मौलिक हक लगायत हकको कार्यान्वयन गर्नुपर्नेछ । देशको अर्थतन्त्र सुदृढ गराउँदै जनताका अधिकार स्थापित गर्नुपर्ने दायित्व छ तर प्रधानमन्त्री बनेको माओवादी नेतृत्व आफ्नू पार्टीभित्र पनि आलोचित बनिरहे को छ, बाहिर त झन आलोचनाको चाङनैं छ ।

अहिले लाखौं युवा विदेशमा छन् । दैनिक २ हजार बढी युवाहरु बिदेसशने क्रम रोकिएको छैन । उनीहरूका लागि कृषिमा धैरै रोजगारी सिर्जना गर्न सकिने अवस्था छ । कृषिको प्रवर्द्धनसँगै औद्योगिक विकासमा देश लाग्नुपर्छ भनेर भाषण त गरेको गरै छन् तर व्यवहारमा त्यो पटक्कै देखिएन । सत्तामा बसेर देशकै स्रोत-साधनको सही परिचालन र व्यवस्थापन गर्न नजान्नुको परिणाम अहिले नेपाली जनताले भोग्दै छौं ।

संविधानमार्फत जनताका सांस्कृतिक, भाषिक, सामाजिक, आर्थिक लगायत अधिकार स्थापित भएका छन् । राज्य संयन्त्र कमजोर हुँदा कार्यान्वयन हुन सकेको छैन । अहिले अध्यक्ष प्रचण्डको नेतृत्वमा सरकार बनेपछि केही गर्न सकिन्छ भन्ने अपेक्षा उनको भारत रिझाउन कम्फरटेवल सरकार चाहिन्छ भन्ने अभिव्यक्तिसँगै उँधोगतिको यात्रा चलिरहेको छ ।

जनयुद्धबाट आएको पार्टीलाई लोकतन्त्रमा रूपान्तरण गर्दै जाँदा एक खालको निराशा र समस्या स्वाभाविक रूपमा आउँछन् । शान्ति प्रक्रियामा आएपछि जनताको सेवामा समर्पित नभई सत्ता केन्द्रित हुने प्रचण्ड र नेतृत्को मनोविज्ञान माओवादीमा बढ्दै गयो । त्यसले गर्दा पार्टी जनताबाट अलग हुने अवस्था पुगेको हो । माओवादीले उठाएका एजेण्डहरु देशमा स्थापित भएका छन् तर त्यही एजेण्डा बोक्ने नेता र पार्टी खिइँदै गएको छ । तस्कर, गुण्डा नाइके र भ्रष्टाचारमा लिप्त भएकाहरुलाई संरक्षण गरेर गएको माओवादी नेतृत्वले जन सम्बन्ध सुधारमा आफ्नो धरातल छाड्यो भन्ने आरोपले सत्यता पाइरहेको छ । पार्टी विधानमा वर्ग दुश्मन लेख्ने र उनीहरुसँग धाँटी जोडेर जसरी पनि सत्ता प्राप्तीको प्रमुख माध्यम बनाउँदै गएका बेला आउँदो ८४ को निर्वाचनमा फेरी पनि बामपन्थीहरुकै बीचमा एकता हुनु पर्छ भन्ने आवाज माओवादी भित्र अहिले जोड तोडले उठिरहेको छ । नेता निर्वाचित भयो, मन्त्री-सांसद भयो, गाडी चढ्ने भयो, सेवासुविधा प्राप्त गर्ने भयो तर कार्यकर्ताको हेरचाह र व्यवस्थापन भएन । हिजो का होलटाइमर कार्यकर्ता र योद्धाको व्यवस्थापन नगर्दा आज कोही निर्वाचित भएर आउने त कोही विदेशमा भौतारिनुपर्ने अवस्था बन्यो, यस्तो गलत अभ्यासलाई सच्याउन र आफु सच्चिन तयार छन् त ? अहिले नेतृत्वले सबै कुरा गर्न तयार भएको बताएपनि उनीहरुको बोली र व्यवहारमा तादम्यता मिल्दैन भन्ने आम नागरिकको शंका निरुपण गर्ने अबस्था आउँछ ? एमालेको नक्कल गर्दै थालिएको माओवादीको जारी विधान अधिवेशनले नेता र सत्ता सञ्चालन गरिरहेकाहरुलाई सच्चाउने, बेरोजगारलाई उत्पादन र रोजगारी सँग जोड्ने कुरा गराउन सक्छ ? अहिले प्रश्नै प्रश्नको घेरामा माओवादी नेतृत्वको सरकार र सो पार्टी परेको छ ।

सत्ता केन्द्रित हुनथालेपछि सहिद, बेपत्ता एवम् घाइते र अपांगका मुद्दा छाड्ने काम बढ्दै गयो । पटक पटक यस्ता विषयमा सुप्रिमो प्रचण्डले सच्चिने र घरातल नछोड्ने प्रतिवद्धता पनि गरे तर व्यवहारत माओवादीका उपमहासचिव हरिवोल गजुरेलले भनेझैं रकम असुली भन्दा अरुकाम उनको सचिवालयले गर्नै सकेन । जसको कारणले उनी आफैं राजनैतिक सल्लाहकारबाट बाहिरिए । उनले यो सबै पार्टीलाई जोगाउन पद त्याग गरेको बताइर हँदा २८औं जनयुद्ध दिवससँगै थालिएको विधान अधिवेशनले पार्टी नेतृत्व एवम् कार्यकर्ता तहमा दण्ड र पुरस्कारको बिधीलाई कार्यान्वायन गरेर जाने संकल्प गर्नुपर्नेछ ।

परिवर्तन वा आन्दोलन बलिदान बिना हुँदैन र संभव पनि छैन । बलिदान कसले गर्ने भन्ने पनि लेखिएको हुँदैन । समय, परिस्थिति र घटना क्रमले नैं त्यसको निर्धारण गर्ने कुरा हो । बलिदानलाई स्थापित गर्न त्यसको प्रमुख पक्ष माओवादीनैं चुकेको अबस्थामा फेरी पनि सबै को विश्वास जित्ने र सबैलाई एकै ठाउँमा उभ्याएर अगाडि बढ्ने दायित्व पनि उसैको हो ।

माओवादीले उठाएका एजेण्डालाई साथ दिएर आएकाहरु फेरी पनि एकै ठाउँमा बस्ने अबस्था नआएसम्म नत जनयुद्धले सार्थकता पाउने छ नत रगत बगाउनेहरुले ।

पहिलो संविधानसभामा प्रत्यक्षतर्फ १२० सिट जितेको पार्टी आज १८ सिटमा खुम्चिएको छ । नेपालका दुई ठूला दल नेकपा एमाले र माओवादी केन्द्र एक भएर दुई तिहाईको शासन सत्ताको बागडोर सम्हालेपछि त्यही स्वार्थी सत्ता मोहले दुर्य दल बिभाजन बन्न पुगे को सत्यको जगलाई माओवादी नेतृत्वले स्वीकार्नै पर्छ । त्यसको गम्भीर समीक्षा गरी आम कार्यकर्ताका विचार र भावनालाई लिएर माओवादी अगाडि बढ्नुपर्छ भन्ने निष्कर्षमा यतिबेला माओवादको एउटा तप्का उभिएको छ तर सत्ता स्वार्थमा उल्झिएको मूल नेतृत्व त्यसलाई स्वीकार्ने पक्षमा देखिंदैन ।

इतिहासले नेतृत्व निर्माण गर्ने हो । त्यसकारण माओवादी भित्र नयाँ पुस्ताले दाशकौं लामो नेतृत्वलाई बिराम र आराम गर्न नलगाएसम्म माओवादीमा रुपान्तरण संभव देखिंदैन । त्यसका लागि पनि युवाको नेतृत्वदायी भूमिका आवश्यक छ, भविश्यमा पनि त्यो अपरिहार्य छ । तर, लगातार म २० वर्षदेखि एउटै कमिटीमा छु, यो नयाँ हुन पाएको छैन, यो नयाँ हुनुपर्छ । हाम्रो ठाउँमा नयाँ युवा आएर उनीहरूले नेतृत्व लिने वातावरण संगठनमा हामीले बनाउन सकेका छैनौं । आन्तरिक प्रतिस्पर्धाको पनि कमी छ, आन्तरिक प्रतिस्पर्धीविना पार्टी बन्दैन । यी तमाम कुराहरू भाषणमा गरेर माओवादी नेतृत्वले पार्टीलाई सच्याउने होइन सक्काउने बाटोनैं अबलम्मन गरेको यथार्थलाई विधान अधिवेशनले केलाउन जरुरी देखिएको छ ।

## सामाजिक सञ्जाल

सत्ता छिटो पाउने छटपटीले सुरु गरेको जनयुद्धले हजारौंको जिवन समाप्त,लाखौंले भोगेको पीडा, अर्बौंको क्षति त बिर्सनै नसकिने घाउ हुँदै हो । संचालकहरुका लफ्फाजीहरुको घोर पतनले यसको सुरुवात कालो दिन नै रहेको प्रमाणित हुन्छ,त्यसैले यो देशको दिवस हुनै नसक्ने सर्वोच्चको फैसला स्वागतयोग्य छ ।

➢ **सुवास देवकोटा, केन्द्रीय सदस्य नेकपा एमाले**

हो, जनयुद्ध दिवससँग माओवादीका तल्लो तहका कार्यकर्ता र पूर्वलडाकुको भावनात्मक सम्बन्ध छ, जसको हामीले सम्मान गर्नुपर्छ । अनावश्यक विद्रोहमा लागेर आफ्नो अमूल्य जीवन र जोवन बलिदान गरेका, अति कष्टप्रद प्रतिहिंसा बेहोरेका पूर्वलडाकु वा उनीहरुका आश्रितहरुको सहज जीवन यापनका लागि राष्ट्र र समाजले गर्नसक्नेसम्मका सबै काम र मद्दत गर्नैपर्छ । तर उनीहरुले पनि के बुझ्नुपर्छ भने सबैले, नभए पनि बहुसंख्यक जनताले खुसीसाथ मनाउने दिवसमात्र शाश्वत र कालजयी हुन्छन् जस्तो कि फागुनकै ७ । एउटा सानो समूहले महान् दिवस भन्ने, बहुसंख्यक दलले शोक दिवस सम्झने र सर्वसाधारणले सम्झन पनि नचाहने दुस्वप्न मान्ने फागुन १ को त्यो हैसियत हुन सक्दैन, जुन फागुन ७ को हुन्छ । त्यसैले, उनीहरुले अब कसैका बहकावट, झुटा सपना, सर्वहाराको अधिनायकवादका डेट एक्सपायर नारा वा पहिचानका आवरणमा ल्याइने जातीय, क्षेत्रीय र साम्प्रदायिक द्वन्द्वका कार्यसूचीका पछाडि लाग्नुहुन्न। र, आफ्नो बाँकी रहेका ऊर्जा/जोश, परिवर्तनको आकांक्षा, विद्रोहका तीतामीठा अनुभव र त्यस दौरान सिकेका राम्रा कुरालाई पुँजीका रूपमा लिँदै सो पुँजीलाई एउटा नयाँ जीवन सुरु गर्ने र राष्ट्र निर्माण गर्ने काममा लगाउनुपर्छ । त्यसो गरेमा नै फागुन १ को पनि सार्थकता रहनेछ ।

जय देश जय नेपाल

➢ **अश्बिन कार्की, सिन्धुली**

नेपाली कांग्रेसले २००७ साल कार्तिक २१ बाट औपचारिक रूपमा 'क्रान्ति' सुरु गर्‍यो । देशमा लोकतन्त्रको कुनै स्थान नभएको समयमा र राणा सत्तासँग जनता आतंकित भएको समयमा राणा सत्तालाई नै आतंकित बनाउने 'क्रान्ति' कांग्रेसले नैं सुरु गरेको हो । माओवादीले आफ्नो आधार भारतलाई बनाए जस्तै कांग्रेसले पनि भारतलाई आधार बनाएको थियो । माओवादी र नेपाली कांग्रेसको सशस्त्र युद्धको अर्को समानता पनि छ । त्यो हो- २००७ फागुन ७ दिउँसो तीन बजे नारायणहिटी राजदरबारबाट राजा त्रिभुवनले घोषणा गरेको प्रजातन्त्रमा नेपाली कांग्रेस पार्टी र उसले गरेको सशस्त्र क्रान्तिले पनि जय पाएको छैन । विक्रम संवत् १९०३ भदौ ३१ मा कोतपर्व मच्चाएर राणा शासन सुरु भएर प्रजातन्त्र दिवस घोषणाकै दिनमात्रै औपचारिक अन्त्य भएको थियो । नेपाली कांग्रेसले योगदानलाई उक्त दिनमा स्मरण गरिएन । मात्रै राजाले राणालाई लिएको अधिकार फेरि आफैंले खोसेको शैलीमा मात्रै चर्चा गरिएको थियो । तर अहिले माओवादीले अदालतलेसमेत अस्वीकार गरेको जनयुद्धलाई दिवशका रुपमा मनाएर अदालतकै अबमूल्यन गरेको छ ।

➢ **प्रशन्न शर्मा, हेटौंडा मकवानपुर**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस ।

कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार,सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात

## सम्पादकीय

# असफलताको यात्रा

**'हुटिट्याउँले संसार थेग्दैन उसको कुरा खुट्टादेखि नै चाल पाइन्छ' भन्ने उखान यतिबेला सरकारको असफलतासँग जोडेर चर्चा गर्न थालिएको छ । अहिलेको सरकारको असफलता भनेको माओवादी केन्द्र मात्रै होइन आफूलाई लोकतन्त्रको पहरेदार ठान्ने नेपाली कांग्रेसको पनि असफलता हो । राजनीतिक दल र नेताहरु आधुनिक राजनीतिको जीवनरेखा कोर्ने सुत्रधारहरू हुन् तर पछिल्लो समय उनीहरूको भूमिका मुलुकलाई बनाउने भन्दा पनि बिगार्ने र व्यवस्थाकै विरूद्ध जनमत बनाउनमै व्यस्त रहेको देखिन्छ ।**

**महत्वपूर्ण भूमिकामा रहेका राजनीतिक दलहरुले नेपालमा भने सोही अनुसार कार्य गर्न सकेका छैनन् । नेपालमा पछिल्लो समयमा राजनीतिक दलको भूमिकालाई सूक्ष्म रुपमा अध्ययन गर्ने हो भने सरकारमा गएर सफलतापूर्वक सत्ता चलाउन र सुशासन कायम गराउन असफल हुँदै आएका छन् ।**

**शासनसत्ता नै परिवर्तन गराउन ठूलो भूमिका खेल्दै आएका यहाँका ठूला दलहरु सत्ता सञ्चालनका दृष्टिले भने त्यति सफल देखिएका छैनन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था आएको आठ वर्ष पुगिसक्दासमेत शासकीय व्यवस्थाले आम जनताका विभिन्न समस्याहरुलाई समाधान गर्न सकेको छैन । उल्टो जनतामा एकपछि अर्को निराशा फैलिरहेको छ ।**

**जनतामा बढ्दै गएको निराशालाई तत्काल सम्बोधन गर्न नसक्ने हो भने संघीय शासन प्रणालीको सफलतामा नै गम्भीर आघात पर्न सक्छ । मुलुकमा देखिएको रोग, भोक, अशिक्षा, गरिबी, विपन्नता हटाउने विषयमा पनि हाम्रा राजनीतिक दलहरु एकजुट भएर अघि बढ्न सकेका छैनन् । सबै दलका प्रमुख नेताहरु आ–आफ्नै स्वार्थमा उद्यत भइरहेका छन् ।**

**उनीहरुको इमान्दारीता र नैतिकतामा ह्रास आएको छ । जसका कारण शासकीय व्यवस्था सञ्चालनमा समेत गम्भीर असर परेको छ । दल सञ्चालन गर्ने अगुवाहरु असल र इमान्दार बन्न सक्ने हो भने शासकीय व्यवस्था पनि सफल हुँदै जान्थ्यो । शासन व्यवस्था ल्याउन महत्वपूर्ण भूमिका निर्वाह रहेका दलहरु सच्चिएर व्यवस्था असफल हुनबाट जोगाउन जरूरी छ ।**

**केही समययता प्रमुख राजनीतिक दलप्रति घृणासमेत जगाउने काम गरिँदै आएको छ । तर, पनि दलहरुले गम्भीरतापूर्वक सच्चिन सकेका छैनन् । यस्ता विषयलाई हल्का रुपमा लिनु दलहरुका लागि आत्मघाती हुन सक्छ । दलहरुले आफ्नो घोषणा पत्रमा व्यक्त गरिएको प्रतिवद्धता अनुसार जनताको पक्षमा काम गर्ने हो भने कसैले पनि प्रमुख दलप्रति वितृष्णा जगाउन सक्ने थिएनन् तर, सत्ता सञ्चालन गर्ने दल र तिनका नेतानैं भ्रष्टाचारमा चुर्लम्म डुब्ने अवस्था आयो भने जनताहरुमा स्वतः उनीहरुप्रति घृणाको भावना पैदा हुने तर्फ गंभीर बन्न जरूरी छ ।**

## विषालु सर्पको बगैंचा

**एजेन्सी**/तपाईंले फलफूलको बगैंचा देख्नु भएको होला । बगैंचाका मिठा-मिठा फलफूल टिपेर वा चोरेर पनि खानु भएको होला । तर तपाई जानु भएको बगैंचामा रुखमा फलको सट्टा सर्पै सर्प झुन्डिरहेको देख्नु भयो भने तपाई कस्तो महसुस गर्नु होला ? सर्पको पनि बगैंचा हुन्छ ? कस्तो वाहियात कुरा गरेको भन्ने सोच तपाईंको दिमागमा आइसक्यो होला । तर साँच्चै सर्पको पनि बगैंचा छ । जसरी आँप, लिची वा अन्य फलफूलको बगैंचा हुन्छ त्यसैगरी एउटा देशमा सर्पको पनि बगैंचा छ । यहाँ रुखको हाँगाहरु सर्पले भरिभराउ हुन्छ । यो बगैंचा भियतनाममा छ । डोंग ट्याम स्नेक फार्म नामक यो बगैंचाका रुखहरुमा सर्प मात्रै देखिन्छन् । यहाँ सर्प पालिन्छ । यो फार्ममा औषधीजन्य बोटबिरुवा पनि रोपिन्छ । यो बगैंचामा ४ सयभन्दा बढी प्रजातिका विषालु सर्प छन् । यी सर्पको विषबाट औषधि बनाइन्छ । सर्पले टोकेको विषको प्रभाव उल्ट्याउने एन्टिडोट बनाइन्छ । यो बगैंचा भियतनामको ठूलो पर्यटक स्थल बनेको छ । यहाँ वर्षेनी लाखौं पर्यटकहरु घुम्नका लागि आउँछन् । १२ हेक्टर क्षेत्रफलमा फैलिएको यो फार्म सबै खालको सेवा सुविधा दिन्छ । यहाँ वर्षेनी करिब १ हजार ५०० जना सर्पले टोकेको भन्दै उपचार गराउन आउँछन् । यहाँ हरेक दिन एन्टिडोटका लागि अनुसन्धान हुन्छ ।

# सत्ताको पिङ, प्रचण्डको स्वीकारोक्ती र अबको बाटो

कृष्ण गौतम



**"माओवादीका अरु नेताहरुले त कोशीमा अनुशासनको कार्बाही नभए गठबन्धनमा बसिरहने बाध्यता नरहेको सार्वजनिक मत राखिरहेका छन् । त्यसैलाई बल पुग्नेगरी प्रचण्डले आफूलाई प्रधानमन्त्री पनि कांग्रेसले नबनाएको बताएर एमाले सँगको सहकार्यको संभावनालाई अगाडि बढाएको देखिएको हो । हुन त माओवादी केन्द्रका दोस्रो पुस्ताका नेताहरु अहिले पनि बामपन्थी हरुकै बीचमा एकता वा मोर्चा बनाएरु अगाडि बढाउन पार्टी नेतृत्वमा थि दबाब डालीरहेका छन् । लगातार माओवादी बैठकमा भइरहेका छलफलले सत्ता गठबन्धनमा खटपटको संकेत देखिन थालेको छ । "**

प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले केही दिन अगाडि बसेको केन्द्रीय कमिटी बैठकमा नेपाली कांग्रेससँगको गठबन्धन लाभदायक नरहेको निष्कर्ष सुनाएपछि फेरी एमाले र माओवादी केन्द्रको मोर्चाबन्दी प्रारंभ हुने संकेत देखिएको छ ।

विशेषगरी कोशी प्रदेश र सरकार को एजेण्डामा प्रचण्डले लगातार कांग्रेसबाट धोका भएको बताएका थिए । सभामुख र मुख्यमन्त्री छोडेपछि फेरि राष्ट्रियसभामा माओ वादीलाई हराउने काम कांग्रेसले गरेको उनले सुनाएका थिए । माओवादीका अरु नेताहरुले त कोशीमा अनुशासनको कार्बाही नभए गठबन्धनमा बसिरहने बाध्यता नरहेको सार्वजनिक मत राखिरहेका छन् । त्यसैलाई बल पुग्नेगरी प्रचण्डले आफूलाई प्रधानमन्त्री पनि कांग्रेसले नबनाएको बताएर एमाले सँगको सहकार्यको संभावनालाई अगाडि बढाएको देखिएको हो । हुन त माओवादी केन्द्रका दोस्रो पुस्ताका नेताहरु अहिले पनि बामपन्थीहरुकै बीचमा एकता वा मोर्चा बनाएरु अगाडि बढाउन पार्टी नेतृत्वमा थि दबाब डालीरहेका छन् । लगातार माओवादी बैठकमा भइरहेका छलफलले सत्ता गठबन्धनमा खटपटको संकेत देखिन थालेको छ । माओवादी नेताहरुले राष्ट्रियसभाको अध्यक्षमा समेत दावी गर्नुले कांग्रेस नेतृत्वको यो गठबन्धन टिक्नेमै आशंका गरिनु स्वभाविक देखिन्छ ।

किनभने राष्ट्रियसभाको अध्यक्ष बन्नेगरी कांग्रेस नेता कृष्णप्रसाद सिटौला कोशी प्रदेशबाटै राष्ट्रियसभा सदस्य निर्वाचित भइसकेका छन् । तर सिटौला निर्वाचित भएपछि माओवादी केन्द्रले संवैधानिक परिषद्को शक्ति सन्तुलनलाई लिएर तर्क गर्न थालेका छन् । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख र समेत अरु दलसँग भएकाले माओवादीले राष्ट्रियसभाको उपाध्यक्ष पाउनुपर्ने तर्क गरिरहेका छन् । यदि त्यस्तो भएमा सत्ता गठबन्धनबीच जुटेको सहमति बमोजिम प्रधानमन्त्री माओवादीले छोड्दा फरक नपर्ने उनीहरुको तर्क छ । माओवादीको बदलिएको मत पुरा नभए फेरि अर्को सत्ता गठबन्धन बन्न सक्ने देखिन्छ । त्यो भनेको फेरि नेकपा एमाले नेतृत्वको गठबन्धन बहुमतमा पुग्नु हो ।

जबकी आमचुनाव सम्पन्न भएको एक वर्षभित्रै संसदका लगभग सबै दल सरकारमा सहभागी भइसकेका छन् । गत वर्ष १० पुसमा एमाले कै समर्थनमा प्रचण्ड प्रधानमन्त्री भएका थिए । त्यसोबेला एमाले, राप्रपा, रास्वपा लगायत सात दलीय गठबन्धन बनेको थियो । संसदको सवैभन्दा ठूलो दल कांग्रेसले सरकारको नेतृत्व नछोडे पछि प्रचण्ड एमालेको समर्थनमा प्रधानमन्त्री बने । प्रधानमन्त्री भएपछि प्रचण्ड पुरानै गठबन्धनमा फर्किए । एमाले अध्यक्ष केपी शर्मासँगको बाक्लिंदो भेटघाट र प्रचण्डको अभिव्यक्तिबाट कांग्रेससँगको सहकार्य बिच्छेद हुने ठाउँमा पुगेको त होइन ? भन्ने अनुमान गरिदैछ ।

माओवादीले कांग्रेस र एमाले लाई टेकेर सत्ताको पिङ यसरी खेल्न थालेको दशक नै हुन लागिसक्यो । विश्लेषकहरु माओ वादीले देखाइरहेको चरित्रलाई लोकतन्त्रलाई बलियो नबनाउने तर्क गर्छन् । सत्ताको लाभ हुने भएकाले माओवादीले भने त्यस्तै शैली अपनाइरहेका छन् ।

तर मुलुक, संविधान र व्यवस्था बलियो बनाउन पनि माओवादीले एउटा ध्रुब रोज्न आवश्यक छ । पार्टी लगातार खुम्चिएर जाने अनि सत्ताको यात्रा कहिल्यै नछोड्ने शैलीले माओवादीले विगत लडेको संघर्ष समेत बद्नाम हुने तर्फ आवश्यक ध्यान दिन जरुरी छ ।

# जीवनस्तर सर्बेक्षण र गिर्दो अर्थतन्त्रका सवाल

दिपा भण्डरी

**"१२ वर्ष अगाडि ०८ प्रतिशत नागरिकसँग कार रहेकोमा अहिले बढेर १.८२ प्रतिशतसँग कार रहेको प्रतिवेदनले देखाएको छ । मोटरसाइकल प्रयोग गर्नेको संख्या अढाइ गुणाले बढेर २५.२५ प्रतिशत पुगेको छ । २०६८ सालमा १८ प्रतिशतसँग मोटरसाइकल थियो । अरु मानकहरुमा पनि नेपालीको जीवनस्तर उकासिएको प्रतिवेदनले देखाएको छ । यो आफैमा खुसीको कुरा हो । यसरी अंकमै देखिनेगरी नेपालीको जीवनस्तर सुधार हुनुको पछाडि अनेक तर्क र विश्लेषण गरिन सक्छ । विशेषगरी वैदेशिक रोजगारकै कारणले नेपालीको जीवनस्तर सुधार भएको तर्क आमरुपमा गरिन सक्छ । "**

नेपाल जीवनस्तर सर्वेक्षण २०८० ले नेपालीको जीवनस्तरमा ठूलै सुधार आएको प्रतिवेदन तयार पारेको छ । तर त्यो प्रतिवेदनले भनेजस्तो अबस्था भने देखिंदैन ।

प्रतिवेदनका अनुसार वार्षिक खर्च गर्न सक्ने क्षमता, सम्पत्तिको स्वामित्व, उपयोग गर्ने वस्तु, भौतिक पूर्वाधार विकास जस्ता क्षेत्रमा ठूलै सुधार आएको छ । १२ वर्ष अगाडिको तुलनामा गरीब नागरिकको समेत प्रतिव्यक्ति खर्च औसतमा ६६ प्रतिशतले बढेको छ । विजुली उपभोग गर्ने प्रतिशत ९४ पुगेको छ । १२ वर्ष अगाडि यो प्रतिशत ७० मात्रै थियो । उपभोग्य वस्तुमा खर्च गर्ने क्षमतामा समेत सुधार देखिएको छ । विलासिताका सामग्री मानिने कार प्रयोग गर्नेको संख्या ठूलो प्रतिशतले बढेको छ । १२ वर्ष अगाडि ०८ प्रतिशत नागरिकसँग कार रहेकोमा अहिले बढेर १.८२ प्रतिशतसँग कार रहेको प्रतिवेदनले देखाएको छ । मोटरसाइकल प्रयोग गर्नेको संख्या अढाइ गुणाले बढेर २५.२५ प्रतिशत पुगेको छ । २०६८ सालमा १८ प्रतिशतसँग मोटरसाइकल थियो । अरु मानकहरुमा पनि नेपालीको जीवनस्तर उकासिएको प्रतिवेदनले देखाएको छ । यो आफैमा खुसीको कुरा हो । यसरी अंकमै देखिनेगरी नेपालीको जीवनस्तर सुधार हुनुको पछाडि अनेक तर्क र विश्लेषण गरिन सक्छ ।

विशेषगरी वैदेशिक रोजगारकै कारणले नेपालीको जीवनस्तर सुधार भएको तर्क आमरुपमा गरिन सक्छ । तर बितेको १२ वर्ष नेपालीले कठिन दिनहरुको सामना गर्नुपरेको तितो सत्यलाई कसैले पनि बिर्सन मिल्दैन । २०७२ को विनाशकारी महाभूकम्प, उत्रै क्षति पुग्नेगरी भारतले लगाएको नाकाबन्दीले नेपालको अर्थ-सामाजिक परिस्थिति विथालेको थियो । त्यसपछि कोरोना महामारी र रसिया युक्रेन तथा अन्य मूलुकका जारी युद्ध एवम् ठूला देशहरुले गरिव देशहरु माथि लगाएको आर्थिक नाकाबन्दी कारणले नेपालीको अर्थतन्त्रमा नराम्रो असर गरेको थियो । कठिन परिस्थितिबीच नेपालीको जीवनस्तरमा आएको सुधार असाध्यै खुशीकै कुरा हो । अझ नेपालीमा सत्ताप्रतिको निगरानी नतिजामै देखिनेगरी यो अवधिमा आएको छ । २०७४ को चुनावमा वाम गठबन्धनलाई विशाल मत दिएर राजनीतिक स्थीरता रोजेका मतदाताले गत वर्षको चुनावमा राजधानी रहेको शहर काठमाडौं, पूर्वको ठूलो शहर धरान उपमहानगर र सुदूरपश्चिमको अर्को शहर धनगढी उपमहानगरमा स्वतन्त्र उम्मेद्वारले मेयर जिते । यो आफैमा राजनीतिक सन्देश थियो । यस्ता अरु मानकमा पनि नेपालीको जीवनस्तर सुधार भएको आम अनुभूति गर्न सकिन्थ्यो । त्यसलाई पुष्टि गर्ने काम जीवनस्तर सुधार प्रतिवेदनले देखाएको छ । यसका पछाडि अरु हजार कारण हुनसक्छ । तर बहुलवादी समाजको खुलापन लाई संविधानले सम्मान गर्दा निस्किएको नतिजा पनि भुल्न सकिदैन । किनकि हरेक नागरिकसँग केही गर्न सक्ने क्षमता हुन्छ, त्यसको उपयोग गर्नसक्ने राजनैतिक परिवेश तयार गर्दा नतिजा निस्कन्छ । गतिशिल सरकार र गिर्दै अर्थतन्त्रलाई सही दिशामा लैजान अर्थतन्त्रका सुचकहरु बढाउन जरुरी छ । सरकार आगामी दिनमा हिड्नुपर्ने बाटो पनि त्यही हो । संकुचनमा होइन, स्वतन्त्रतामा शक्ति र विकास दुवै संभव छ भन्ने तथ्यलाई कसैले पनि भुल्नु हुँदैन ।




# दुधौलीका जनप्रतिनिधीको क्षमता बिस्तारगर्दै बागमती प्रदेश सरकार

**दुधौली**/दुधौली नगरपालिकाका जनप्रतिनिधिहरूलाई एक दिने क्षमता विकास सम्बन्धी तालिम दिइएको छ । सोमबार बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सहयोगमा उज्यालो नेपाल सिन्धुलीको आयोजनामा जनप्रतिनिधिहरूलाई एक दिने क्षमता विकास तालिम दिइएको हो ।

उज्यालो नेपाल सिन्धुलीका अध्यक्ष धुब्रकुमार बस्नेततको अध्यक्षता एव दुधौली नगरपालिकाका मेयर दिनेश अधिकारी दनुवारको प्रमुख आतिथ्यता एवं दुधौली नगर पालिकाका उपमेयर चन्द्र किशोर थारु, प्रमुख प्रशासकीय अधिकृत दीपक ढकालको विशेष आतिथ्ययतामा तालिमको उद्घाटन गरिएको थियो ।

तालिमको उद्धाटन पछि सम्बोधन गर्दै मेयर अधिकारीले जनप्रतिनिधि लाई कानुनको बारेमा ज्ञान नहुँदा जोखिम मोल्नु परेको बताउनुभयो । अधिकारीले संवैधानिक प्रावधान अनुसार स्थानीय पालिकामा जनप्रतिनिधिको सार्थक र नेतृत्वदायी भूमिका कमजोर नहोस् भन्ने उद्देश्यले आयोजना गरिएको तालिमले सुशासन, इमानदारिता, पारदर्शिता र काम गर्न मद्दत पुग्ने बताउनुभयो ।

तालिममा स्थानीय तहको न्यायिक प्रक्रिया र कार्यविधि, सामाजिक कानुनी सहायताको अवधारणा र महत्व, स्थानीय तह सञ्चालन कार्यविधिहरू, वैकल्पिक विवाद र विभिन्न समस्याहरू, हदम्याद, म्याद र म्यादको सिद्धान्त, महिला तथा बालबालिकाविरुद्धका अपराधहरू, व्यक्तिवादी फौजदारी मुद्धाहरु तथा स्थानीय तह र सुशासनका विषयमा सहभागीलाई आधारभूत जानकारी प्रदान गरिने तालिमले जनप्रतिनिधिको क्षमता अभिवृद्धि हुने बताउनुभयो । स्थानीय सरकार संचालन ऐनले तोकेको क्षेत्राधिकार भित्र रहेर काम गर्नु पर्नेमा जोड दिनुभयो । नत्र काम गरिसकेपछि सजायको भागिदार जनप्रतिनिधि नै हुनु पर्ने बताउनुभयो ।



उपप्रमुख चन्द्र किशोर थारुले सिकाई निरन्तर चलिरहने बताउनुभयो । जनप्रतिनिधि जनताको नजिकको सरकार भएकाले जनताका हरेक समस्याहरू समाधान गर्नु पर्ने बताउनुभयो । कानुनी ज्ञान र कानुनी भाषा बुझ्न नसक्दा जनप्रतिनिधिहरूलाई काम गर्न समस्या भएकाले अध्ययन जरुरी रहेको बताउनुभयो । जनप्रतिनिधिले गर्ने कार्यसम्पादन गर्न सहज होस् भन्ने उद्देश्यले एक दिने क्षमता विकास तालिम सञ्चालन भएको तर यो तालिम जनप्रतिनिधिकालागि अपुग भएको बताउनुभयो । विधि, पद्धति र प्रक्रिया पुरा गरेर मात्र जनप्रतिनिधिले काम गर्नु पर्ने बताउनुभयो । अधिकारसँगै जोखिम पनि रहेको बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत दीपक ढकालले ऐन-कानुनको भन्दामाथि रहेर सेवा दिन नसकिने बताउनुभयो । कानुनले तोकेको क्षेत्र र अधिकार भित्र रहेर काम गर्नु पर्ने भएकाले जनप्रतिनिधिले पनि आफ्नो कर्तव्य अधिकारका बारेमा जानकारी हासिल गर्दा काम गर्न थप सहजता मिल्ने बताउनुभयो ।

कानुनको पालना नहुँदा दण्डित हुनु पर्ने भएकाले काम गर्दा पहिला कानुन र पछि व्यवहार हुनु पर्ने बताउनुभयो ।

वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरूलाई अधिवक्ता विष्णुप्रसाद फुयाँलले तालिमको सहजीकरण गर्नु भएको थियो ।

उहाँले जनप्रतिनिधीहरुलाई आइपरेका कानुनी अस्पष्टताहरू, स्थानीय स्वायत्त शासन ऐन तथा नेपालको संविधानले निर्दिष्ट गरेका विषयहरूमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा सहभागीहरूले आफूहरूलाई यस्ता कार्यक्रमले सिफारिस, सरजमिन लगायतमा महत्त्वपूर्ण सहयोग पुग्ने बताएका थिए । तालिमका सहभागीहरूले नागरिकताको सिफारिस जटिल भएको बताएका थिए । केही व्यक्तिहरूलाई कानुनी जटिलताका कारण नागरिकता दिन समस्या भएको गुनासो गरेका थिए ।


## सार्वजनिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काभ्रेपलाञ्चोक, बागमती प्रदेश



दर्ता नं.: १८००३८/०७४/०७५ तपाईको यात्रा शुभ अनि सफल रहोस्...... शुभकामना

चाहना यातायात प्रा.लि.

हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।

सिन्धुली काउण्टर 9854041239 9801718220

काठमाण्डौ चावहिल ९८०१६६८०४५

चालक ९८५४०८५५३२ ९८५४०८५५३६

थप जानाकरी ९८५४०८०५३३(टंक) ९८५४०८५५४१(उद्धव)

काठमाण्डौ काउण्टर 9854045531

काठमाण्डौ-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिजर्भको व्यवस्था ।


# बागमती प्रदेशमा बालविकास रणनीति तयार पारिदै

**मकवानपुर**/गर्भावस्था देखि ८ वर्षसम्मका प्रारम्भिक उमेरका सबै बाल बालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चितगर्दै बाल बालिकाको विकास सुनिश्चित गरी सक्षम तथा दक्षमानव स्रोत विकासगर्ने लक्ष्य सहित बागमती प्रदेशस्तरीय एकीकृत प्रारम्भिक बालविकास रणनीतिको मस्यौदा तयार पारीएको छ ।

बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको विशेष उपस्थितीमा सामाजिक विकास मन्त्रालयका निमित्त सचिव खुविराम अधिकारीको अध्यक्षतामा विभिन्न मन्त्रालय एवं सरोकारवालाको सहभागितामा बृहत छलफल पछि हेटौडामा सम्पन्न एक कार्यक्रम मार्फत मस्यौदालाई अन्तिमरुप दिने काम भएको छ ।

वालवालिकाको उमेर अनुसार विकासको लागि गुणस्तरीय एकीकृत सेवा प्रदान गर्ने, बालविकासका लागि कानूनी, संस्थागत तथा संरचना गत संयन्त्र निर्माण गर्ने, प्रभावकारी सेवा पुऱ्याउने आर्थिक स्रोत सुनिश्चित गर्ने जस्ता विषयहरु समावेश भएको मन्त्री मोक्तानले सन्देश जनप्रियलाई बताइन् । उनले परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्ने, विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्ने ५ वटा नीतिमा यो रणनीति केन्द्रित भएको छ ।

यसले बागमती प्रदेशले लिएको नीतिको पुर्ण कार्यन्वयनकालागि विभिन्न १६ वटा रणनीति एवं रणनीति लागु गर्नका लागि स्पष्ट कार्यनीति सहितकार्यदिशा तय गरिरएको छ ।

नेपालको संविधानको धारा ३९ अर्न्तगत मौलिक हकको रुपमा रहेको बालबालिकाको हक सम्वन्धि व्यवस्था अनुसार प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक सुनिश्चित गर्नको लागि बहुसरो कारवालको पुर्ण सहभागितामा यो रणनीति तयार पारिएको मोक्तानले बताइन् । उनले अगाडि भनिन्ः “यो सवैको सहभागितामा बनेको छ, अनलाईन मार्फत पनि सुझावलिने कामगरिएको छ, त्यसैले यो रणनीति पुर्ण बनेको छ र यसले प्रारम्भिकबालबालिकाको विकास गरी समृद्ध प्रदेश बनाउन महत्वपुर्ण योगदानपुग्ने छ”

प्लान इन्टननेशनल नेपाल र मावन तथा राष्ट्रिय विकास समाजको सहयोग तथा सामाजिक विकास मन्त्रालयको अगुवाईमा तगार पारिएको मस्यौदामा प्रारम्भिक बाल विकासका लागि उमेर र सेवा अनुरूपको आवश्यक निर्धारित न्यूनतम मापदण्ड कार्यान्वयन गर्ने, प्रारम्भिक बाल विकास सेवाका लागि सूचना व्यवस्थापनको सुदृढीकरण, अनुगमन, मूल्यांकन र अनुसन्धान प्रणाली स्थापित गर्ने काम भइरहेको छ ।

प्रारम्भिकबालविकास राष्ट्रिय रणनीति २०७७ -२०८८ को मस्यौदालाई सामाजिक विकास मन्त्रीको नेतृत्वमा तयार पारि एको हो । मस्यौदा तयारीको क्रममा विभिन्न भौगोलिक क्षेत्रको सुझाव प्राप्त गर्ने उद्देश्यले दुधौली नगरपालिका सिन्धुली, रत्ननगर नगरपालिका चितवन, गोसाइकुण्ड गाउपालिका रसुवा र ललितपुर महानगरपालिकामा अन्तक्रिया कार्यक्रम गरी विभिन्न क्षेत्रवाट सुझाव सकलन गरीएको थियो ।

# दुग्ध उद्योग स्थापना गर्छु: श्रेष्ठ

**सिन्धुली**/बागमती प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले सिन्धुलीमा दुग्ध उद्योग स्थापना गर्न पहल गर्ने प्रतिबद्धता जनाएकाछन् । उनले सिन्धुलीका दुग्ध उत्पादक कृषकलाई लक्षित गर्दै कच्चा दूध बजारीकरणका लागि उद्योग स्थापना गर्न पहल गरिने बताए कमलामाई नगरपालिका-५ स्थित राजदेवी कृषि तथा पशुपालन दुग्ध उत्पादक सहकारी संस्थाका कृषकहरुको मागलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले कृषकले उत्पादन गरेका दूध जिल्लामै खपत हुने गरी बागमती प्रदेश सरकारले उद्योग सञ्चालनका लागि पहल गरिने आश्वासन दिए । २०७६ सालमा स्थापना भएको राजदेवी कृषि तथा पशुपालन दुग्ध उत्पादक सहकारी संस्थाले हाल दैनिक १ हजार ५ सय लिटर संकलन गर्ने गरेकोमा दूधको परिणाम अझै बढ्ने भएकाले कच्चा दूध खपतका लागि उद्योग सञ्चालनको लागि मन्त्री श्रेष्ठसँग माग राखेका थिए ।

संस्थाका अध्यक्ष माधवप्रसाद अधिकारीले ‘कोरिया सरकारबाट प्राप्त भएको गाई हाल एउटा मात्रै सुत्केरी भएको छ । सुत्केरी गाईले एकपटकमा २२ लिटर दूध दिन्छ । ८१ वटा गाईमध्ये जीवित ७५ गाई छन् । ती गाईहरु अधिकांश जेठ, असारमा सुत्केरी हुन्छन् ।’

दूधको परिमाण बढेसँगै जिल्लामा कच्चा दूधको खपतमा कमी आएकाले जिल्लामै उद्योगमार्फत अन्य विभिन्न प्रकारका परिकार निर्माणका लागि आवश्यकताअनुसार प्रदेशबाट उद्योग सञ्चालनको निम्ती मन्त्री श्रेष्ठसँग माग गरिएको अध्यक्ष अधिकारीले बताए ।

# राजु झल्लुको कथा : चिसो दिन कफी मगमा पनि डुबेन !

उसले चिसो दिनलाई तातो कफी मगमा डुबाइदियो । दुई हत्केला माड्यो र दुवै कानलाई परस्पर स्पर्श गर्यो । हत्केलातीत स्पर्शबाट कानातीत चिसो न्यानो भयो । र, यो दोहोर्याइरह्यो ।

ऊ मूल सडकलाई हेरिरहन्छ । सडक हुँदै हिँडिरहेका चिसा हत्केलाहरूलाई ऊ तातात्तो कफी दिलाउन चाहन्छ । कसैले ऊतिर हेरेका छैनन् । ऊ अनवरत मूल सडकतिरै हेरिरहन्छ ।

माघी मनाएर आएको चिसोले शहरलाई जमाउन खोजेको छ । मौसम पूर्वानुमान भन्छ, "भोलि र पर्सी पानी पर्छ । हिउँ पर्ने सम्भावना ।" अर्को साथी अफिसबाट निस्कनै लाग्दा भन्दै थियो, "परोस्, म यसपालि पनि कालिन्चोक जान्छु ।"

पादेर न्यानो हुने समयमा को लेकाली हिउँको सुगन्ध खोज्न त्यतिपर जाओस् ? उसलाई साथीको कुराले झोँक चल्छ ।

उसको आँखाद्वय मूल सडक नै ताकिरहेको छ, मूल सडक सुनसान छ । क्याफे चकमन्न छ । क्याफे साहु भेडाजस्तो बनेको छ, अनुहार को चोसो देखिनै मुस्किल पर्नेगरी बर्दी ओढेको छ । कतिबेला 'भ्या' गर्देला र आपत् ।

उसको डेरा अलि पर छ, त्यही १० मिनेटको दूरी । कोठाको एक्लो पना साह्रो चिसो छ, यसैले ऊ कफी पिउने बहानाले क्याफे छिरेको छ । कोठामा पनि कफी पाक्छ तर एक्लोपनका कारण स्वाद आउँदैन । दिनभर अफिसमा हुँदा पसिना छुट्ने गरी भागदौड हुन्छ । हरेक कमर्चारीलाई माघ पनि जेठ हुन्छ । श्रम मन्त्रालय हिमाल बन्दिँदा मुलकमा यस्तै हुन्छ । उसलाई यस कुरालाई खासै फरक पार्दैन । पार्छ तर ऊ ठान्दछ- 'जाँगमा लुतो सल्किएपछि धेरै कन्याउनु हुँदैन ।' भर्खरै क्याफे साहूले टाउको कन्यायो । चाया भुरुरु' ।

उसको पनि आफ्नो कपाल चिलाउँछ तर कन्याउँदैन ।

मूत्र बिसर्जन होइन, एउटालाई लाग्यो भने अर्कोले पनि झाडी पस्नुपर्ने । ऊ फ्याट्टै भन्दिन्छ, 'कि दाज्यै, जिब्रो फेरि सुख्खा भयो । एउटा चिया ल्याउनुस न !'

क्याफे साहू चाया झार्दै भित्र पस्छ र चाया बनाउँछ । होइन चिया बनाउँछ । ऊ चिया पिउँदै मूल सडक ताकिरहन्छ ।

उसको अनुसार चाया संक्रामक र गम्भीर तब हुन्छ जब मस्तकको छालाको सबैभन्दा माथिल्लो पातलो 'पत्र' निष्क्रिय हुन्छ । ऊ शहरको मस्तिष्कमा फंगस (यिस्ट) को अत्यधिक वृद्धि भइरहेको कुराको साक्षी भएकाले चायालाई अति सामन्य घरेलु सरुवा रोग बताउँछ ।

हालसालैको मन्त्रिपरिषद्को विस्तार लाई उसले 'फोहोर टाउको'को उपमा दिइसकेको छ । कसैले भनेका हुन् उसलाई- 'चाया मानसिक तनावको कारक हो' । उसले बाल भन्दिएको थियो ।

'स्याम्पु, साबुन, रिठ्ठा वा सफा पानीले चायाविरुद्धको युद्ध जित्तिन्न कि दाज्यै, बरू कपाल फुलाउनुस् कि सेतो रङ ल्याउनुस् !'

क्याफे दाज्यै आफ्नो लागि बनाएको चियाको अन्तिम घुँट गिलासमै छाडेर भित्र छिरे । पक्का छ, उनको टाउकोको छाला मुलायम भयो ।

मूल सडकमा धमिलो हुस्सु बरालिने क्रम बढेको छ । फ्याट्टफुट्ट मोटरका राता चाकहरू देखिँदै छन् । क्या नजाती, अस्ताउँदो क्षितिजले आफ्नो रातो मुख लुकाएपछि शहरका मोटरहरू रातो चाक देखाउन आतुर हुन्छन् । हुस्सिलो मूल सडकतिर आँखा फ्यालिरहन पनि अब उसलाई झिँझक लाग्छ । 'चिसोदेखि भाग्नेहरू प्रमिथसको आगो सेक्दैछन् । हरामखोरहरू । मख्खीचुसहरू । जुम्साहरू । निकम्माहरू ।..' गालीगलौजमा उत्रिएको उसले एक खेप मुखैले भनी पनि दियो, "कि दाज्यै, आज भालेपोथी खेल्ने दिन परेछ क्या !'

क्याफे साहू भित्तामा टाङ्गिएको स्वास्नी आकारको तस्बीरलाई घुर्छ र ठुटे जुँघा मुसार्दै भन्छ, "गड्यौला बने भइगो नि भाइसाहेब ! भाले पनि, पोथी पनि ।" ऊ फुङ्ङ/फुस्रो सडकको अनुहार सम्झिन्छ र मुलायम जिउधारी गड्यौलालाई सम्झिन्छ । कताकता उसलाई सिमेन्ट पोतेर गड्यौला नासेकाहरू आफैँ गड्यौला बनिरहेका देखेर झोँक पनि चल्छ । फेरि सोच्छ, 'आफैँ भाले, आफैँ पोथी हुनुको मर्का गड्यौलालाई जति कसलाई होला ?' होओस्, भालेपोथीको खेलमा उमामहेश्वर नै लागिरहून् ।

स्मृति र पुनरावृत्तिले गाँजिएको जीवनलाई एकातिर राख्न खोजि रहेको ऊ एकाएक पार्वती नामसँग ठोक्किन पुग्छ । उसले पार्वतीसँग पाङ भ्याली पुगेर जेठो बुढो धानको भात खाएको थियो । खेतीयोग्य फाँट पाङमा पुगेर उसले पार्वतीसँग आफ्नो भाग्य र चिनाको अडेसो लगाएर भनेको थियो, "ज्योतिषको राजधानीमा छौँ । तिमि पार्वती, म महादेव ।'

"पार्वतीले सत्ययुगमै महादेव पाइसकेकी छन् । प्रेममा पुनरावृत्ति आवश्यक छैन । एकैपटक हुन्छ र सदैव भइरहन्छ ।" पार्वतीको यस भनाईलाई उसले सकारात्मक हिसाबले ग्रहण गरि आफू महादेव ठान्दै थियो । एकाएक पार्वतीले अर्कै महादेव भेटाई र नाङ्गोबाङ्गो किराँतरुपधारी महादेवलाई छोडी दिई । पार्वतीकै प्रेमबाट उत्पत्ति भएको आराध्यदेव महादेव यहीं शहरी वनजंगलमै अल्झिरह्यो । उसले कैलाश फर्किने बाटो यद्यपि भेटेको छैन ।

यसपछि उसले शहर-शहरमा स्वघोष गर्दै हिड्न थाल्यो- "मानव सभ्यताको लागि स्त्री-पुरुष तत्त्व लाभदायक छ अन्यथा संसारमा वैवाहिक मटन चाहिँदैन । प्रेम नै सर्वस्व हो !"

ऊ आफूलाई ब्रम्हचारी पनि भन्दो हो तर, उसले त्यो हद पार गरिसके को छ । उही, कतैकतै ऊ प्रेमलाई जीवनशृंगार र सौन्दर्यको द्वीप बताउँछ तर असलीमा ऊ सुकुमारिताको खोजी गरिरहन्छ । र, चिसो बढेका यस्ता दिनहरूमा त ऊ झनै व्याकुल हुन्छ ।

क्याफेको चिसो छिडीमा बसी मूल सडक ताक्नु कति विषादपूर्ण कुरा हो ! मूल सडक हुँदै कोही तरुनी हिडली र आफू तातौला सोच्नु कति घिनलाग्दो छ तर ऊ त्यस्तो देखिँदैन !

ऊ ठान्दछ, 'चिसोको कारण आज शहरले सम्साँझै सिरक ओढ्यो । अंगेनो छेउको बिरालो बन्यो ।"

र, अलिबेरपछी,..

ऊ रित्तो कफी मग नियाल्दै सोच्छ, "चिसो दिन कफी मगमा पनि डुबेन !" अस्तु!


## वन डढेलो रोकथाम तथा नियन्त्रण सम्वन्धि अनुरोध

*वन डढेलोको कारण धन, जन, वन र वन्यजन्तु विनास तथा हरित गृह ग्याँस उत्सर्जनबाट जलवायु परिवर्तन हुनगई मानवजीवन लगायत जैविक विविधतामा नकारात्मक असर पर्दछ । त्यसैले आगलागी तथा वन डढेलो लाग्न नदिन पूर्व तयारी गरौः-*

- वन्यजन्तुको बासस्थान संरक्षण तथा जैविक विविधता संरक्षणको लागि वन क्षेत्रमा आगोलागि हुनबाट बचाऔं ।
- सामुदायिक वनको आम भेलामा वन डढेलोको कारण, रोकथाम, यसबाट देखा पर्ने असर र नियन्त्रणका उपायहरुको बारेमा विचार विमर्श गरौं ।
- वन क्षेत्रमा डढेलो लाग्न नदिन रेखदेखको लागि अग्नि नियन्त्रण समूह गठन गरी पालो पहराको व्यवस्था मिलाओं ।
- वनमा अग्नी नियन्त्रण रेखा निर्माण तथा नियमित मर्मत र सरसफाई गरौं ।
- गोठाला तथा आम उपभोक्तालाई सलाई लाइटर जस्ता प्रज्वलनशिल वस्तु लिइ वन प्रवेश गर्न निषेध गरौँ ।
- चुरोट बिडीका टूटा राम्रोसंग निभाएर मात्र फालौँ ।
- नयाँ घाँस पलाओस् भन्ने अभिप्रायले या शिकार खेल्न तथा वन्यजन्तु लखेट्न वनमा डढेलो लगाउने नगरौँ,
- आगो लागेको देख्नामा जानकारी पाउना साथ समुहका उपभोक्ताहरु मिली तत्कालै आगो निभाउने कार्य गरौँ।
- वन डढेलो नियन्त्रण भन्दा बाहिरको परिस्थिति देखिएमा नजिकैको डिभिजन/सव डिभिजन बन कार्यालय वा सुरक्षा निकायलाई जनकारी गराई आवश्यक सहयोग मागौं ।

नोटः- बनमा याद राखौं, वनमा डढेलो लगाउनु तथा वन्यजन्तुको शिकार गर्नु अपराध हो । यस्तो कार्य गर्ने गराउनेलाई वन ऐन २०७६ र प्रदेश ऐन २०७६ अनुसार बिगो असुल गरी रु. ६० हजार सम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै संजाय हुनेछ ।

**डिभिजन वन कार्यालय सिन्धुली**
सिन्धुलीमाढी
बागमति प्रदेश, नेपाल


# सा‌ताको कविता

## भाग्यमानी तिमी कि बुहारी ?



राजेन्द्र खनाल
"क्षितिज"

कुखुरी काँको बाससँगै
साँहिली, तिमी मझेरीको
काठको भरेङ
टकटक बजाउँदै तल झर्थ्यौ
तिमीले संघारैको ढोकामा लिपेको
गोबर र रातोमाटोको सुगन्धले
म पनि निद्राबाट बिउँझन्थेँ
तिमी पानी लिन पधेंरीतिर लाग्दा
म पनि ओलनको जोहो गर्न कटेरोतिर लाग्थेँ
अगेनामा आगो बाल्दै
तिमी चिया बनाउन लाग्थ्यौ
अनि म त्यही भुङ्गोमा आलु पोल्न
मिठा-मिठा गफ गर्दै
ठुलो आवाजमा चिया सुरुप-सुरुप पारेको
ताततातो आलुको बोक्रा तास्दै खाएको
झलझली याद आउँछ हौ साँहिली

भन त तिमी नढाँटी, भाग्यमानी तिमी कि
माथि आरामले सुतिरहेकी हाम्री बुहारी ?
ढुङ्गोले फु-फु गरेर चुल्होमा
भात पकाउन आगो बाल्दा
तिम्रा पिरा भएका आँखाबाट
आँशु झरेको अनि पुछेको
अनि मैले घ्वार्-घ्वार् पारेर
मदानीले ठेकीमा मोही पार्दा
तिमीले गाएको गीत
ए कान्छा मलाई सुनको तारा खसाइदेऊ न...,
अनि म पनि मदानीको तालमा रौसिँदै भन्थेँ,
त्यो तारा मातर होइन जुन पनि झारी दिउँला...।
अनि तिमी मुख छोप्दै
खित्का छोडेर हासेकी
झलझली याद आउँछ हौ साँहिली
भन त तिमी नढाँटी, भाग्यमानी तिमी कि
माथि आरामले सुतिरहेकी हाम्री बुहारी ?

दिनभरि बारीमा कुटे कोदालो गरेको
तिमी टाँकी, अनि म बडहरको रुखमा चढेर
गाईबस्तुलाई डालेघाँसको हाँगा काटेको
अनि तिमी चिप्लिएर रुखबाट लडेकी
जाँतो र ओखलमा दाल, गहुँ पिसेको
अनि तिमी र म सँगसँगै
दलानमा जिस्किदै ढिकी कुटेको
आँगनमा बसेर मकैको झुत्ता बनाउँदै
बार्दलीमा झुण्डाएको
मकै, भटमास र पिरो साँधेको गुन्द्रुक खाँदै
मिठा-मिठा गफ गरेको
झलझली याद आउँछ हौ साँहिली
भन त तिमी नढाँटी, भाग्यमानी तिमी कि
माथि आरामले सुतिरहेकी हाम्री बुहारी ?

## तिन हाइकु



डा. वीरेन्द्र केसी

१.
भौतिक शास्त्र
नेताज्यूको रोजाई
जनै र टुप्पी

२.
छेपाराहरू
यत्र तत्र सर्वत्र
देशको दशा

३.
नेताको हाल
शंखे कीराको चाल
लक्ष्य चन्द्रमा




# पाकिस्तानको आम निर्वाचनः कसले बनाउला सरकार

**एजेन्सी**/पाकिस्तानमा तीव्र प्रतिस्पर्धात्मक चुनाव सकिएको चार दिन बितिसक्दा पनि पाकिस्तानी जनताले अझै पनि कुन पार्टीले अबको सरकार बनाउँछ र देशको नयाँ प्रधानमन्त्रीको हुन्छ भन्ने स्पष्ट छैन ।

पूर्व प्रधानमन्त्री समेत रहेका इमरान खानको पक्राउ र उनको तहरिक-ए-इन्साफ (पीटीआई) पार्टीमाथि लगाइएका कैयौं प्रतिबन्धबीच पनि उनले समर्थन गरेका स्वतन्त्र उम्मेदवारहरूले पाकिस्तानको आम निर्वाचनमा सबैभन्दा धेरै सीट जितेका छन् ।

यो दल समर्थित स्वतन्त्र उम्मेदवार हरू ९३ क्षेत्रमा विजयी भए पनि त्यो संख्या पाकिस्तानमा नयाँ सरकार बनाउनका लागि पर्याप्त छैन । कुल ३३६ सदस्य रहने न्यासनल असेम्ब्ली भनिने संसद्मा बहुमतका लागि १६९ सीट आवश्यक पर्छ ।

पाकिस्तानको निर्वाचनमा दोस्रो ठूलो दल बनेको पूर्व प्रधानमन्त्री नवाज शरिफको पाकिस्तान मुस्लिम लिग (नवाज) पीएमएल-एनले ७५ सीट ल्याएको छ । पाकिस्तानको सेनाले समर्थन गरेको भनिएका शरिफको दलले यो चुनाव जित्ने कैयौंले आकलन गरेका भए पनि त्यस्तो भएन ।

पूर्व प्रधानमन्त्री बेनजिर भुट्टोका छोरा बिलावल भुट्टो जरदारीको पाकिस्तान पिपल्स पार्टी (पीपीपी) ५४ सीट जितेर तेस्रो बनेको छ । पाकिस्तानको संविधान अनुसार दलहरूले निर्वाचनको तीन साता अर्थात् फेब्रुअरी २९ भित्रमा सरकार बनाइसक्नुपर्छ। न्यासनल असेम्ब्लीका ३३६ सीटमध्ये २६६ सदस्य प्रत्यक्ष निर्वाचनबाट चुनिने व्यवस्था छ । बाँकी ७० सीट आरक्षित गरिएको छ ।

जसमा ६० जना महिला र १० जना गैर मुस्लिम समुदायबाट छानिन्छन् । दलले प्रत्यक्ष निर्वाचनमा पाएको सीटका आधारमा आरक्षित सीटबाट निर्वाचित हुने सांसदहरूका लागि भाग पाउँछन् ।

"निर्वाचनले कुनै एक दललाई बहुमत नदिएर खण्डित जनादेश दिएको छ । अब उनीहरूसामु एउटा साझा बिन्दुमा सहमति गर्ने वा गठबन्धनको सरकार बनाउने विकल्प छन्," राजनीतिक विश्लेषक रफिउल्लाह काकरले इस्लामाबाद बाट बीबीसी उर्दूसँग भनेका छन् ।

निर्वाचनमा आफ्नो विजय भएको दाबी गरेका प्रमुख दुई दल पीटीआई र पीएमएल-एन मिलेर सरकार बनाउने सम्भावना देखिएको छैन । सरकार बनाउनेबारे अन्योल चलिरहँदा चुनावमा पराजित भएका स्वतन्त्र उम्मेदवारहरूले निर्वाचनमा धाँधली भएको आरोप लगाउँदै अदालतमा कैयौं मुद्दा दर्ता गरेका छन् ।

पीटीआईका कतिपय समर्थकहरूले देशको निर्वाचन आयोगका देशै भरिका कार्यालय बाहिर विरोध प्रदर्शन समेत गरेका छन्। वेस्टर्न अस्ट्रेलिया विश्वविद्यालयकी



प्राध्यापक समिना यास्मीनले बीबीसीको न्यूजडे कार्यक्रमसँगको कुराकानीमा नवाजको पीएमएल-एन, भुट्टोको पीपीपी र केही साना दल मिलेर सरकार बनाउनसक्ने सम्भावना औंल्याएकी छन् ।

यी दुई वटा पार्टीले सन् २०२२ मा इमरान खानलाई प्रधानमन्त्रीबाट हटाउन गठबन्धन गरेका थिए । उनीहरूले पाकिस्तानमा गत अगस्टसम्म गठबन्धन सरकार पनि चलाए । उनीहरूबीच पनि मुख्य कुरा अबको प्रधानमन्त्रीको हुने भन्ने हुनसक्छ र राष्ट्रपति सहित प्रदेश सरकारको शक्ति बाँडफाँटका विषय पनि छन्, उनी थप्छिन् ।

पीएमएल-एनले सामाजिक उदार वादी मानिएको मुत्ताहिदा कौमी मुभमेन्ट (एमक्यूएम) सँग सहयात्राका लागि पहल गरिरहेको छ । यो दलले १६ सीट जितेको छ । शरिफको दलले स्वतन्त्र जितेका सांसदहरूलाई पनि आफ्नो दलमा मिलाउने प्रयास गरिरहेको छ ।

जरदारीलाई भेट्न पुगेका शरिफका भाई शाहबाज सहितका पीएमएल-एनका नेताहरूसँग पीपीपीले आफूसँग भएका विकल्पबारे सोच्नका लागि समय लिइरहेको सङ्केत दिएको छ ।

खानको दलसँग सहकार्य हुनसक्छ भन्ने बीबीसी उर्दूको जिज्ञासामा पीपीपीका वरिष्ठ नेता शेरी रहमानले आफ्नो दल सबै राजनीतिक दलहरूसँग छलफलका लागि खुला रहेको बताएका छन् ।

यद्यपि खानका मिडिया सल्लाहकार जुल्फी बुखारीले पीटीआई प्रतिपक्षमा बस्ने सम्भावना औंल्याएका छन् ।

उनले बहुमत नआएको अवस्थामा गठबन्धन सरकार निर्माण आफ्नो दलको प्राथमिकतामा नरहेको बताए । उनको भनाई पार्टीका नेता खानका यसअघिका भनाइहरूसँग मेल खान्छ । अहिले १४ वर्षको जेल सजाय भुक्तान गरिरहेका खानले सन् २०१८ मा नै गठबन्धन सरकार कमजोर हुने र देशले सामना गरिरहेको संकट पार लगाउनका लागि बलियो सरकार चाहिने बताएका थिए ।

यद्यपि उनले एमक्यूएम जस्ता साना दलहरूसँग मिलेर गठबन्धन बनाए । आफ्ना नेतालाई जेलमा थुनिएको, निर्वाचन चिन्ह खोसिएको र कैयौं समर्थकहरूलाई पक्राउ गरिएको दलका लागि यस्तो गठबन्धन अस्वाभाविक लाग्नसक्छ। तर यस्तो अभूतपूर्व राजनीतिक परिस्थितिमा कुनै परिदृश्य पनि नकार्न सकिँदैन ।

पीएमएल-एनका वरिष्ठ नेता आजम नजीर तरारले "सबै दल सहभागी भएर सरकार बनाउन" आह्वान गरेर पीटीआईसँग पनि मिलेर सरकार बनाउन सकिने संकेत गरिसकेका छन् । यसअघि इमरानलाई भोट नदिएका मानिसहरूले पनि अहिले उनी र उनको दललाई गत दुईवर्षमा सेनाले गरिरहेको व्यवहारका कारण उनीमाथि अन्याय भएको महसुस गरिरहेको जस्तो देखिन्छ, जोर्जटाउन विश्वविद्यालयका उदय चन्द्रले बीबीसी सँग भने । यो क्षेत्रभरि कायम रहेको प्रजातान्त्रिक निष्पक्षताको भावना उल्लंघन भएको देखिन्छ ।

मतदाताले स्वतन्त्र उम्मेदवारहरूलाई जिताएर "सेनालाई नागरिक प्रजातन्त्र हाबी हुनका लागि बाटो खुला गर्न" सन्देश दिएको उनी बताउँछन्। पीटीआईले समर्थन गरेका उम्मेदवारहरू कुनै साना पार्टीमा आबद्ध भएर गठबन्धन सरकार बनाउनसक्ने पनि अर्को विकल्प बाँकी छ । उनीहरूले आफ्नो सीट एकै ठाउँ बनाएको अवस्थामा महिलाका लागि छुट्याइएको ६० सीटको व्यवस्था अन्तर्गत ठूलो भागमा समेत दाबी गर्न सक्छन् ।

हरेक राजनीतिक दलले आफ्नो ३.५ सीट बराबर महिलाका लागि आरक्षित एक सीट पाउँछ । तर कुनै पनि दलसँग आबद्ध नभएका स्वतन्त्र सांसदहरूले यसमा भागबन्डा पाउँदैनन् । उनीहरूले स्वतन्त्र नै रहने वा कुनै दल रोज्ने कुरा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको ७२ घण्टासम्म निर्णय लिइसक्नुपर्छ ।


## सार्वजानिक हितको लागि जारी सुचना

- ➢ चालु आर्थिक वर्षमा बनेका सडकको निगरानी बढाऔं ।
- ➢ विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- ➢ सडक पेटी किनारामा जथाभावी सवारी साधन
- ➢ पार्किङ नगरौं ।
- ➢ सडक पेटी किनारामा जथाभावी निर्माण सामग्री नराखौं ।
- ➢ सडक पेटीमा जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- ➢ सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।
- ➢ सवै सवारी साधन चालक महानुभावहरुले लेन अनुशासन कायम गरौं ।
- ➢ सवारी चालक महानुभावहरुले सडक पेटीमा
- ➢ बटुवाको ध्यानलाई मध्यनजर गरी सडक लेनअनुसार सवारी साधन चलाऔं ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
प्रादेशिक सडक डिभिजन, सिन्धुली


# अध्ययन भन्छः विश्वको आधा आप्रवासी प्रजाति घट्दै

**एजेन्सी**/संयुक्त राष्ट्रसङ्घको सोमबारको एक प्रतिवेदनअनुसार विश्वका करिब आधा आप्रवासी प्रजातिहरू घट्दै गएका छन् । धेरै सङ्गबर्ड, समुद्री कछुवा, ह्वेल, शार्क र अन्य प्रवासी जीवजन्तु परिवर्तित मौसमसँगै विभिन्न वातावरणमा सर्छन् र वासस्थानको हानि, अवैध सिकार र माछा मार्ने, प्रदूषण तथा जलवायु परिवर्तनले जोखिममा पर्छन् ।



संसारभरमा करिब ४४ प्रतिशत आप्रवासी प्रजातिहरूको सङ्ख्या घट्दै गएको प्रतिवेदनमा उल्लेख छ। राष्ट्रसङ्घद्वारा अनुगमन गरिएको करिब एक हजार दुईसय प्रजातिमा २० प्रतिशत लोप हुने खतरामा छन् । "यी यस्ता प्रजाति हुन् जो संसारभर घुम्छन्, उनीहरू भोजन र प्रजननका लागि अगाडि बढ्छन् र उनीहरूलाई मार्गमा रोकिन स्थानहरूको पनि आवश्यकता हुन्छ", उज्बेकिस्तानको समरकन्दमा संयुक्त राष्ट्रसङ्घ वन्यजन्तु सम्मेलनमा जारी प्रतिवेदनका प्रमुख लेखक केली माल्सले भनिन् । तिनीहरूको यात्राको कुनै पनि विन्दुमा वासस्थानको हानि वा अन्य खतराका कारण सङ्ख्यामा कमी आउन सक्छ । "केही प्रजातिका लागि बसाइसराइ आवश्यक छ, यदि तपाईंले आप्रवासनमा कटौती गर्नुभयो भने तपाईंले प्रजातिलाई मार्न गइरहनुभएको छ", ड्युक विश्वविद्यालयका इकोलोजिस्ट स्टुअर्ट पिमले भने ।

उनी प्रतिवेदनमा सहभागी हुन् । कुनै प्रजाति लोपोन्मुख छ वा छैन भनेर ट्र्याक गर्ने इन्टरनेसनल युनियन फर कन्जरभेसन अफ नेचरको रेड लिस्टको जानकारी सहित अवस्थित डाटामा प्रतिवेदन निर्भर छ । राष्ट्रसङ्घीय बैठकका सहभागीहरूले संरक्षण उपायहरूका लागि मूल्याङ्कन गर्ने र धेरै नयाँ प्रजातिको चासोलाई औपचारिक रूपमा सूचीबद्ध गर्ने योजना बनाएका छन् । गैर-नाफामूलक वन्यजन्तु संरक्षण सोसाइटीका अन्तर्राष्ट्रिय नीतिका उपाध्यक्ष सुसन लिबरम्यानले भने, "एउटा देशले मात्र यीमध्ये कुनै पनि प्रजातिलाई बचाउन सक्तैन ।" उनले दक्षिण अमेरिकाका आठ सरकारले संयुक्तरूपमा संयुक्त राष्ट्रसङ्घको सन्धिको चिन्ताबिच आप्रवासी प्रजातिहरूको सूचीमा घट्दो अमेजन क्याटफिसका दुई प्रजातिलाई थप्ने प्रस्ताव राख्ने अपेक्षा गरिएको बताए ।

अमेजन नदी बेसिन संसारको सबैभन्दा ताजा पानी प्रणाली हो । "यदि अमेजन अक्षुण्ण छ भने क्याटफिस फस्टाउनेछ, यो बासस्थान सुरक्षाका बारेमा हो", लिबरम्यानले भने ।

सन् २०२२ मा सरकारहरूले क्यानाडाको मन्ट्रियलमा संयुक्त राष्ट्रसङ्घीय जैविक विविधता सम्मेलनमा संरक्षणका लागि पृथ्वीको ३० प्रतिशत भूमि र जलस्रोतको रक्षा गर्ने वाचा गरेका छन् ।


सुमन फर्मा
कमलामाई -६, हस्पिटलरोड, सिन्धुली
सम्पर्क नं. ०४७-५२०२३०/९८४४०४०२३०
सबै प्रकारको औषधी पाइनुका साथै डाक्टरको पुर्जा अनुसार औषधी उपलब्ध गराइन्छ ।



# एलिनाको ‘कट्टा हानिदिन्छु’ गीतविरुद्ध उजुरी



खेम सेन्चुरी र एलिना चौहानको स्वरमा रहेको गीत ‘कट्टा हान्दिन्छु’ को विवाद प्रतिलिपि अधिकार रजिष्टार कार्यालयसम्म पुगेको छ । ‘कट्टा हान्दिन्छु’ बोलकै आफ्नो गीतबाट उक्त गीत चोरी भएको भन्दै गायक विश्वराम कार्कीले उजुरी दिएका छन् ।

विवाद मिलाउन दुवै पक्षलाई मंगलबार छलफलका लागि बोलाइएको कार्यालयका सूचना अधिकारी सुरेशचन्द्र अधिकारीले जानकारी दिए । ‘हामीलाई निवेदन प्राप्त भएको छ तर दर्ता भइसकेको छैन । दुवै पक्षबीच छलफलको निष्कर्ष के आउँछ, सोहीअनुसार हामी अघि बढ्छौं,’ अधिकारीले भने, ‘मिलापत्र भएन भने निवेदन दर्ता गरेर टेकु प्रहरी परिसर (जिल्ला प्रहरी परिसर, काठमाडौं) मा पठाउँछौं ।’

प्राप्त निवेदनमा कार्कीले पुरानो गीत आफ्नै भएको तर उल्टै आफूलाई चोरीको आरोप लगाएर मानसिक यातना दिइएको उल्लेख छ । आफ्नो गीत हुबहु नक्कल गरेर नेत्र अर्यालको शब्दमा ओबी रायमाझीको युट्यूब च्यानलमा गीत रिलिज गरिएको निवेदनमा उल्लेख छ ।

दुवै पक्षबीच मिलापत्र नभए प्रहरी हुँदै अदालतसम्म मुद्दा पुग्न सक्ने अधिकारीले बताए । एलिना र खेमको स्वरमा तीन साताअघि ‘कट्टा हान्दिन्छु’ गीत रिलिज भएको हो । उक्त गीत रिलिजपछि ११ दिनअघि विश्वरामले ‘कट्टा हान्दिन्छु गीत रिलिज गरेका थिए । प्रतिलिपि रजिष्टार कार्यालयका अनुसार पछिल्लो समय संगीतको प्रतिलिपि अधिकार हननका उजुरी प्राप्त हुने क्रम बढ्दो छ । अधिकांश मिलापत्रमै टुंगिने र केहीलाई मात्र प्रहरीकहाँ पठाउने गरिएको छ ।

# ‘मासिन्या’ फागुन १२ सम्म मञ्चन हुने



बुद्धि तामाङ र सोनाम लामा निर्देशित नाटक ‘मासिन्या’को मञ्चन अवधि लम्बाइएको छ । दर्शकको बढ्दो चापलाई फागुन १२ गतेसम्म नाटकको मञ्चन अवधि थप गरिएको ताम्सालिङ संघर्ष समिति सचिवालयका सदस्य बाबुराम लोप्चनले बताए । माघ २८ गतेसम्म मञ्चन गरिने भनिएको नाटक अब फागुन २ गते देखि १२ गतेसम्म सोमबारबाहेक मञ्चन हुनेछ । माघ ११ गतेदेखि मञ्चन सुरु गरिएको नाटकलाई चार हजार भन्दा बढी दर्शकले हेरिसकेको मण्डला थिएटरले जनाएको छ ।

नाटक हेर्न राजनीतिकर्मीदेखि सुकुम्बासी बस्तीसम्मका दर्शकहरु आएकाले समुदाय विशेष सिर्जनामा थप हौसला मिलेको नाटकका लेखक राजु स्याङ्तानले बताए ।

‘नाटक हेर्ने दर्शकमा तामाङ मात्र नभएर गैरतामाङ समुदायको पनि उल्लेख्य उपस्थिति रहेको छ,’ उनले भने, ‘यसले तामाङ सुमदायलाई हेर्ने परम्परागत नजरिया नै परिवर्तन भएको छ । यो हामीजस्ता स्रष्टाका लागि सुखद कुरा हो ।’

# सधैँका लागि किन बन्द भयो गोपीकृष्ण हल ?

राजधानीको चाबहिलस्थित गोपी कृष्ण हल मंगलबारदेखि बन्द भएको छ । सञ्चालक गोपीकृष्ण मुभिज् प्रा.लिले आर्थिक संकटको कारण देखाउँदै केही दिनअघि नै हल बन्द गर्ने घोषणा गरेको थियो । विसं २०५२ सालदेखि सञ्चालनमा आएको हल औपचारिक रूपमा मंगलबारदेखि बन्द गरिएको निर्देशक निरक पौडेलले जानकारी दिए । कोरोनाको संक्रमण कालदेखि नै चलचित्र क्षेत्रमा आएको व्यावसायिक मन्दीका कारण कम्पनीले घाटा व्यहोर्नु परेको उनको भनाइ छ । ठुलो आर्थिक घाटा तथा राज्यको विद्यमान कर प्रणालीले गर्दा चलचित्र निर्माण, प्रदर्शन तथा वितरणमा देशको अग्रणी स्थानमा रही विगत पाँच दशकदेखि सक्रिय रहेको व्यवसायलाई बन्द गर्नुको पीडा व्यक्त गर्न नसकिने पौडेलको भनाइ छ । २ वटा पर्दाबाट सुरु गरेर ७ वटा पर्दासम्म पुगेको गोपीकृष्ण मुभिजले ४ वटा पर्दा भएको भवन २ वर्ष अगाडि नै भत्काएर मल बनाउने तयारी गरेको थियो । तर, अहिलेसम्म मलको काम पनि सुरु भएको छैन । पछिल्लो ‘रेड’, ‘ब्लू’ र ‘ग्रिन’ नाममा तीन पर्दा सञ्चालन गरेपनि दर्शकको सहभागिता भने न्युन रहँदै आएको थियो ।




# पितृहरूको संझनामा अक्षय कोष



सिन्धुली/माओवादी केन्द्र कमलामाई नगरपालिका वडानम्बर ६ का अध्यक्ष एवम् समाजसेवी अरुण शर्मा कट्टेलले आफ्ना दिवंगत अभिभावक एवम् छोराको संझनामा १ लाख २५ हजार ५ सय पचपन्न रुपैयाँको अक्षय कोष स्थापना गरेका छन् ।

आफ्ना स्वर्गीय पिता हेमप्रसाद, माता डम्बरकुमारी र छोरा देवेन्द्र शर्मा कट्टेलको संझनामा कमलामाई नगरपालिका वडा नं. ६ स्थित सिद्धबाबा माध्यमिक विद्यालयकोवार्षिक उत्सवमा बिपन्न वालवालिकाहरुलाई उनीहरुको आवश्यक्ताका आधारमा छात्रवृद्धि प्रदान गर्ने उदेश्यले हेमप्रसाद उपाध्याय कट्टेल स्मृति अक्षक कोषको स्थापना गरिएको हो । एक औपचारिक कार्यक्रमका बीच विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उज्वलकुमार थापा र प्रधानाध्यापक टोमप्रसाद काफ्लेलाई अक्षय कोषको चेक हस्तान्तरण गरिएको थियो ।













सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पवन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानूनी सल्लाहकार: केशवप्रसाद गौतम ई-मेल: news.pradesh@gmail.com, बेभ: www.epradeshkhabar.com मुद्रण: लालिगुरांस अफसेट प्रेस, सिन्धुली